# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## मिर्चैया नगरपालिका
## सिरहा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६।७७ मितिः २०७७।३।२६
च.नं. २६५

श्री नगर प्रमुखज्यू,
मिर्चैया नगरपालिका,
सिरहा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।


नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७६।७७ मितिः २०७७।३।२०
च.नं १४१

श्री नगरप्रमुखज्यू,
मिर्चैया नगरपालिका,
सिरहा ।

विषयः लेखापरीक्षण प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले मिर्चैया नगरपालिका, सिरहाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. १० करोड ६८ लाख ३३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १३ लाख ७९ हजार, नियमित गर्नुपर्ने रु ७३ लाख १६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ७ करोड २० लाख ८४ हजार र पेश्की रु. २ करोड ६० लाख ५४ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/११/१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्यौट नभई कायम भएका ब्यहोराको अन्तिम प्रतिवेदन पाना अठ्ठाईस (२८) यसै साथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी,नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बिन्दु बिष्ट)
नायब महालेखापरीक्षक

# मिर्चैया नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अर्न्तगत १२ वडा रहेको ६५ सभा सदस्य ९१.९७ व.की.मी. क्षेत्रफल, ५५००० जनसंख्या र २ नं. प्रदेशमा अवस्थित छ । | |
| २. | **सेवा प्रवाह :-** कुल ७५ दरवन्दी रहेको यस कार्यालयले करारको समेत ५६ जना कर्मचारी बाट ५५००० जनसंख्यालाई सेवा प्रवाह गरेको छ । २०७५।०३।२३ मा पारित विनियोजन ऐन अनुसार रु. ५० करोड २६ लाख ६८ हजार को बजेट खर्च गर्ने अख्तियारी २०७४।०४।०३ मा कार्यकारी अधिकृतलाई प्राप्त भएकोमा ९१ प्रतिशत अर्थात रु. ४५ करोड ३५ लाख ८० हजार खर्च गरेको छ । रु. १ करोड ६८ लाख १३ हजार आन्तरिक राजस्व आम्दानी गरेको यस कार्यालयले नागरीकता सिफारिस ४०००, घरबाटो सिफारिस ४०००, नाता प्रमाणीत ३५००, जन्म तथा मृत्यू दर्ता ५२०० र अन्य दर्ता ६०० को गरेको छ । | |
| ३. | **स्थानीय संचित कोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ : | |

| सि. नं. | आयतर्फ | | सि. नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | ० | १ | **चालु खर्च** | २९९५३६००१.५६ |
| | क) नगद | ० | २ | **पूँजीगत खर्च** | १५४०४३६०४.३९ |
| | ख) बैंक | १३८२१५२९२.९५ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | ० | | क) ऋण भुक्तानी | ० |
| | क) आन्तरिक राजस्व | १६८१२८६४.९२ | | ख) ब्याज भुक्तानी | ० |
| | ख) राजस्व बाँडफाँड | ६९५९३९३३.७८ | | ग) अन्य भुक्तानी | ३७५.३९ |
| | ग) अन्य आयप्रदेशराजस्व बाँडफाँड | १४९३२५२.२७ | ४ | **लगानी** | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | ० | | ऋण लगानी | ० |
| | क)वित्तीय समानीकरण अनुदान | १३५६०००००.०० | | शेयर लगानी | ० |
| | ख) सशर्त अनुदान | १६५७३२०००.०० | | अन्य लगानी | ० |
| | ग)प्रदेश तथा स्थानिय तह क्षमता विकास कार्यक्रम | ० | ५ | **धरौटी फिर्ता** | ११७१९१८.०० |
| | घ) सामाजिक सुरक्षा | ० | | **कन्टेन्जीन्सी खर्च** | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | ६ | **कोष फिर्ता खर्च चालु** | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| | क)वित्तीय समानीकरण अनुदान | ३१८००००.०० | | **कोष फिर्ता खर्च पुजिगत** | २२९१९३८.०० |
| | ख) सशर्त अनुदान | १००००००००.०० | ७ | **मौज्दात** | ० |
| | ग) समपूरक अनुदान | ० | | क) नगद मौज्दात | ० |
| | घ) विशेष अनुदान | ० | | ख) बैंक मौज्दात | १९०८९२५२२.१७ |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | | | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | | | ० |
| | क) ऋण प्राप्ति | ० | | | ० |
| | ख) साँवा प्राप्ति | ० | | | ० |
| | ग) ब्याज प्राप्ति | ० | | | ० |
| | घ) अन्य प्राप्ति | ० | | | ० |
| ६ | **विभिन्न कोषतर्फको आय** | ५३०००००.०० | | | ० |
| ८ | **जनसहभागिता (नगद)** | ० | | | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ० | | | ० |
| | **विभिन्न दायित्व** | २९४७१५१.२९ | | | ० |
| १० | **धरौटी आय** | ८०८१५६.३ | | | ० |
| ११ | **लगानीको साँवा फिर्ता** | ० | | | ० |
| १२ | **अन्य विविध आय** | ९८२५३७०८.०० | | | ० |
| | **जम्मा** | ६४७९३६३५९.५१ | | **जम्मा** | ६४७९३६३५९.५१ |

| | | |
|---|---|---|
| ४. | **घटी जिम्मेवारी** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ बमोजिम आय व्यय ठिकसंग भएको र लेखाङकन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । गत आ.व.को लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने उल्लेख भएको रु १३८२७३३६७.९५ रहेकोमा रु १३८२१५२९२.९५ सारेकोले घटी जिम्मेवारी सारेको रु ५८०७५।०० एकिन गरी आम्दानी देखाउनु पर्ने रु आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाकी रहेको चालु तथा पुजीगत खाताका रकम संचित कोषमा दाखिला गर्नुपर्नेमा गरेको छैन ।<br>अन्य विविध आय भनी उल्लेख गरेको रु ९८२५३७०८।०० को विवरण पेश भएन ।<br>विभिन्न दायित्व भनी उल्लेख गरेको रु २९४७१५१।२९ सम्वन्धीत खातामा दाखिला गरिनु पर्दछ ।<br>वैक समायोजन हिसाव पेश गरेको छैन । | ५८०७५ |
| ५. | **कोषको लेखा परिक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् :**<br>**वजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले २०७५।३।२२ मा रु ५०२६६८०००।०० को वजेट पारित गरी प्रशासकिय अधिकृतलाई २०७५।४।३ मा खर्च गर्ने अख्तियारी दिएको छ । | |
| ६. | आन्तरिक व्यवस्थापन प्रणालीसँग सम्वन्धित देखिएका व्यहोराहरुः- आन्तरिक नियन्त्रण तथा प्रभावकारी व्यबस्थापनका लागि यस कार्यालय र तालुक निकाय समेतले निम्न व्यहोराका कामहरु पनि गर्नु गराउनु पर्नेमा पुर्ण रुपमा कार्यान्वयन तथा पालना गरेको पाईएन । नियमानुसार सबै व्यहोराको पालना तथा कार्यान्वयन गर्नु पर्दछ । | |

- कार्य विवरण: कार्यालयले कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्य विवरण तयार गरी जिम्मेवारी दिएको नदेखिएको हुँदा सो तयार गरी अधिकार र जिम्मेवारी दिनुपर्ने देखिन्छ ।
- खरिद योजनाः- खरिद योजना तथा सावंजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दशलाख रुपयाँ भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कायंक्रम तथा बजेट तयार गदां आगामी आथिंक वषंमा गनें बाषिंक खरिद योजना तयार गरी कार्यान्यिन हुन सकेको देखिएन ।
- मू.अ.कर भुक्तानीको जानकारी – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का दिने सरकारी निकाय, सार्वजनिक संघसंस्था वा दर्ता भएको व्यक्तिले आफूले गरेको कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्नेमा दिएको देखिएन ।
- भुक्तानी भएको छापः- भुक्तानी भएको छाप भुक्तानी भएका सबै बिल भर्पाइमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणीत गरि राख्नु पर्नेमा सो अनुसार गरेको पाईएन ।
- जिन्सी तर्फ मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको छैन ।
- सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन ।

बिभिन्न ऐन नियम एवं कार्यविधिहरुमा रहेका उल्लिखित प्रावधानहरुको पालना गरी आन्तरिक नियन्त्रणलाई थप प्रभावकारी बनाउनु पर्दछ ।

७. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको स्थापना गरेको, जोखिम क्षेत्र पहिचान र नियन्त्रणका उपाय सम्बन्धमा छलफल समेत गरेको देखिदैन । मूल्यवान सवारी साधन राख्न उचित प्रवन्ध नगरेको, नापी कितावमा चेनेज रहेको स्थान उल्लेख गरी चेनेजको लगत राख्ने व्यवस्था नगरेको, खर्चको विल भर्पाई सार्वजनिकीकरण नगरेको, अख्तियार र जिम्मेवारी किटान गरी कर्मचारीको कार्यविवरण तयार नगरेको, भ्रमणमा खटाउनुपर्दा आवश्यकता र भ्रमण अवधिको एकिन गरी आवश्यक मात्रामा मात्र भ्रमण खटाउनुपर्नेमा त्यस तर्फ पुर्ण ध्यान नदिएको, विद्युतिय हाजिरीको प्रयोग नगरेको, अग्रिम कर दाखिला गर्न विथहोल्डर प्यान लिनुपर्नेमा नलिएको, कार्यालयको काम सम्बन्धमा आईपर्ने जोखिम पहिचान गरि मूल्यांकन गर्ने, सोको अद्यावधिक अभिलेख राखी जोखिमको रोकथाम तथा निराकरण गर्नका लागि आवश्यक संयन्त्रको व्यवस्था नगरेको जस्ता व्यहोरा देखिएका छन् ।त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई योजना तथा कार्यक्रम संचालनमा मितव्ययीता अपनाउँदै सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रीत गर्नुपर्ने देखिन्छ

८. **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तर नगरपालिकाले सो अनुसार दोहोरोपन आउन नदिने गरी कार्यक्रम तय गरेको छैन ।

९. **कानून तथा कार्यविधि निर्माण सम्वन्धमाः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(३) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्ने व्यवस्था र १०२(५) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित नगरे सम्म लागु नहुने व्यवस्था रहेको छ ।यस पालिकाले आर्थिक वर्ष २०७५।७६ मा देहायका ऐन नियम, कार्यविधि मिति २०७५।३।१० को नगरसभावाट अनुमोदन गरेपनि राजपत्रमा प्रकाशन गरेको छैन । अत ऐन नियम, कार्यविधिहरुलाई राजपत्रमा प्रकाशन गर्नु पर्दछ ।

| क्र.सं | ऐन, नियम, कार्यविधिको नाम | प्रमाणिकरण मिति |
|---|---|---|
| १ | मिर्चैया नगरपालिकाको विनियोजन विधियक २०७५ | २०७५/३/२२ |
| २ | मिर्चैया नगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ | २०७५/३/२२ |

| | | |
|---|---|---|
| ३ | अपाङ्ग परिचय पत्र वितरण कार्यविधि २०७५ | २०७५/९/२ |
| ४ | स्थानिय राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि २०७५ | २०७५/७/१५ |
| ५ | उपभोक्ता समिति गठन तथा कार्यक्रम संचालन कार्यविधि २०७५ | |

१०. **आन्तरिक ऋणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम पालीकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । तर नगरपालीकाले यो वर्ष सो अनुसार ऋण लिएको छैन ।

११. **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्नु जरुरी छ ।

१२. **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार कुल पुजीगत खर्च रु १५ करोड ४० लाख ४४ हजार मध्ये प्रथम चौमासिकमा १५.९९ प्रतिशत, दोश्रो चौमासिकमा १९.०० प्रतिशत र तेश्रो चौमासिकमा ६५.०१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा ४४.०० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । अत सन्तुलित रुपमा वजेट खर्च गर्नु पर्दछ ।

१३. **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी ७५ रहेकोमा संघिय सरकारवाट सरुवा भई आएका १०, साविक स्थानिय निकायका १२ र आन्तरिक पदपूर्ति ४ समेत २६ जना कार्यरत रहेको देखियो । अन्य पद रिक्त रहेका छन । रिक्त मध्ये ३० जना करारमा राखि कार्य संचालन गरिएको छ ।

१४. **सशर्त अनुदान -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले रु.४१५५०७५०.०३ खर्च नभई बाँकी रकम स्थानीय सञ्चित कोषमा जम्मा गरेकोले उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु ४१५५०७५०.०३

| क्र.सं | अनुदानको किसिम | जम्मा अनुदान | खर्च | बाँकि (फ्रिज हुनुपर्ने) |
|---|---|---|---|---|
| १ | शिक्षा | ११२३५०००००.०० | ९८१०९७७६.०० | १४२४०२२४.०० |
| २ | स्वास्थ्य | ४७८९५७१२.२४ | ४००७९८५०.२४ | ७८१५८६२.०० |
| ३ | कृषि र पशु | ५६०४०००.०० | ४२६८०००.६८ | १३२६९०१.२८ |
| ४ | आयुर्वेद | २५२६५६०.०० | २४९३४१४.४० | ३३८२१.०० |
| ५ | महिला | ८६१०००.०० | ७९६९१०.०० | ६४०८९.८० |
| ५ | सामाजिक सुरक्षा | ८६१३९४००.०० | ६८०६९५४८.०५ | १८०६९८५१.९५ |
| | **जम्मा** | **२५५३७६६७२.२४** | **२१३८१७४९९.३७** | **४१५५०७५०.०३** |

१५. **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका

गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका गाँउविकास समितिको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

१६. **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

१७. **आर्थिक विवरण** :नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्दछ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन ।

१८. **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । त्यस्तै योजना को सम्झौता खातामा उपभोक्ता समितिको पदाधिकारीको नाम मात्र राखी आय विवरण नभर्दा योजनाको वास्तविक बस्तुस्थिती चित्रण नहुने, लागत अनुमान मध्ये उपभोक्ताले व्यहोर्ने अंश उल्लेख नगर्दा जनश्रमदान १० प्रतिशत भयो भएन एकिन गर्न नसकिने, कार्य कहिले सुरु गरी कुन मितिमा सम्पन्न हुने हो थाहा नपाउने, कार्य सम्पन्न तथा ठेक्का बिलमा अधिकांसमा कार्यकारी प्रमखबाट प्रमाणित नभएका, नापी किताबमा आवश्यक विवरण नभरेका, लागत अनुमान स्वीकृत नगरेका जस्ता कारणले योजना भए गरेरै भुक्तानी भएको हो भन्न सकिएन । अतः यस्ता कार्यमा सुधार गरी भए गरेको कार्यलाई प्रमाणीत गर्नु पर्ने र प्रकृयागत रुपमा त्रुटी हुन नदिन कार्यालयले पहल गर्नु पर्दछ ।

१९. **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीकोलागि निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कर्मचारी कल्याण कोषको व्यवस्था नगरी यस वर्ष निम्नानुसार कोषमा रकम जम्मा गरेको भनी पुजिगत खातावाट १३ लाख रकम ट्रान्सफर गरेको छ । सो कोषहरुको विवरण पेश गरेको छैन ।

| गो भा.नं. | कोषको नाम | रकम यस वर्षको | रकम गत वर्षको भौ नं. ४८ र ४९ वाट | जम्मा |
|---|---|---|---|---|
| २०१/३/२९ | मर्मत सम्भार कोष | ५०००००.०० | २१०००००.०० | २६०००००.०० |
| २०२/३/२९ | दैवी प्रकोप कोष | ४०००००.०० | २५०००००.०० | २९०००००.०० |
| २०३/२/२९ | वातावरण कोष | २०००००.०० | | |
| २०४/२/२९ | गरीवी निवारण कोष | २०००००.०० | | |
| | **जम्मा** | **१३०००००.००** | | |

२०. **विना प्रतिस्पर्धा खरिदः** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाख देखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा वोलपत्र एवं सिलवन्दी दरभाउपत्रवाट खरिद नगरि रु.३२ लाख ४ हजारका सामान ११ पटक सोझै खरीद गरेको पाइयो ।

| सि.नं | गो.भौ.नं. र मिति | आपुर्तक | विवरण | खरिद रकम |
|---|---|---|---|---|
| १. | ५०।१२।२५ | रबी स्टिल फर्निचर | १४ थान स्टिल दराज | ४७७९९० |
| २. | ५१।१२।२५ | एम.जी. स्टिल इण्डस्ट्रिज प्रा.ली. | १५ थान टेबल | १४०३६४ |

| | | | | |
|---|---|---|---|---|
| ३. | १०१।३।११ | ईन्टरफेस कम्प्युटर | मोबाईल तथा ल्यापटप | ५१९६७५ |
| ४. | १०५।३।२० | ए.आर. ट्रेडर्स एण्ड सप्लायर्स | मेसिनरी औजार ६ थान | १६३९६३ |
| ५. | १०६।३।२० | ईन्टरफेस आइटी सोलुशन | हार्डडिक्स समेत | ४९८४४३ |
| ६. | १०९।३।२० | नायक श्री ईन्टरप्राईजेज | पम्प १.५ HP समेत | ४१९९९ |
| ७. | १६६।३।२९ | कमला होम डेकोरेशन | फर्निचर एण्ड फिक्चर्स | ४३५८१८ |
| | | कमला घर संसार | फर्निचर एण्ड फिक्चर्स | १४५२० |
| | | | फर्निचर एण्ड फिक्चर्स | १८७२५ |
| ८. | १६७।३।२९ | युनिक गिफ्ट सेन्टर एण्ड ईलेक्ट्रोनिक्स | स्टेपलाईजर समेत | २३१२४५ |
| ९. | १७४।३।२९ | भाग्यवान आईरन स्टोर्स | मोटर समेत | ५९३२६ |
| १०. | २०२/३/३१ | निरज.ट्रेडर्स एण्ड सप्लायर्स | स्टील टेवुल समेत ११ आइटम | २०००००.०० |
| ११. | २०३/३/३१ | निरज.ट्रेडर्स एण्ड सप्लायर्स | अफिस चेयर समेत | ४०२०५४.०० |
| | | **जम्मा** | | ३२०४१२२ |

२१. **वातावरणीय प्रभाव** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेको छैन । वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, र नदी सरसफाई पर्दछन् । यसरी वातावरण तथा विपत व्यवस्थापनमा रु. २०००००.०० बजेट व्यवस्था भएकोमा कति खर्च भयो विवरण पेस गरेको छैन । कार्यक्रम सञ्चालन बाट भएको उपलब्धीको लेखाजोखा गरेको छैन । अतः कार्यक्रम सञ्चालन गरी प्राप्त उपलब्धीको मुल्यांकन गर्नु पर्दछ ।

२२. **सरकारी तथा सार्वजनिक जग्गाको उपयोग तथा संरक्षण** स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबार्याका रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र, तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा लगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेको देखिएपनी त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख तथा Digitize गरी रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको देखिएन । साथै नगरपालिकाको सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख नराखिएको कारणबाट सार्वजनिक, पर्तिको रुपमा रहेका जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे नरहेको र ऐनको दफा ९७ बमोजिम नगरपालिकाले सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तानतरण गर्न लिजमा दिन नपाउने ब्यबस्था भएपनि सार्बजनिक जग्गा कसैले उपयोग गरे नगरेको एकिन हुने अवस्था देखिएन ।

२३. **करदाताको अभिलेख** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र ब्यापार, ब्याबसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारको आधारमा ब्यबसाय कर लगाउने ब्यबस्था छ । त्यस्तै ऐनको दफा ५५,५६,५७,५९,६०,६१ र ६२ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गामा सम्पत्ति कर, जग्गाको उपयोगमा भुमिकर(मालपोत), कुनै ब्यक्ति वा संस्थाले भवन, घर,पसल,ग्यारेज, गोदाम, टहरा,छप्पर,कारखाना,जग्गा वा पोखरी वहालमा वहाल कर,आफुले निर्माण, रेखदेख र संञ्चालन गरेको हाट बजार, पसल र जग्गामा वहाल विटौरी शुल्क, पार्किङ शुल्क, जडिबुटी, कवाडी र जिबजन्तु कर, सेवा शुल्क आदी लगाउन सक्ने ब्यबस्था भएपनि करदाताको अभिलेख ब्यबस्थित रुपमा राखेको पाइएन ।

२४. **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको

<table>
<tr><td></td><td>कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा नगरपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>मनोरञ्जन कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा नगरपालिकाले कूनैपनि कर संकलन गरेको पाईएन । यस नगरपालीकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.</td><td>आय असुलीको तुलनात्मक अवस्था : पालिकाले यस वर्ष आन्तरिक आय रु १ करोड ५० लाख अनुमानित गरेकोमा अनुमानित आयको ११२.०८ प्रतिशत अर्थात रु १ करोड ६८ लाख १३ हजार असुलि गरेको छ । लक्ष्य निर्धारण भएका कुन कुन शिर्षकमा के कती असुली भएको हो विवरण पेश गरेको छैन । सुन्य आय असुलिको वा घटी असुली भएको कारणहरु विश्लेषण गरी सुधारका उपायहरु अबलम्बन गरेको पाइएन । थप राजश्व असुली गर्न पहल गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>रसिद नियन्त्रण खाता: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्टगरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । यस पालिकाले रसिद नियन्त्रण खाताको व्यवस्था गरेता पनि १ भन्दा बढी वडालाई एउटै पानामा रसिद नम्बर उल्लेख गरी नगदी रसिद र मालपोत रसिद बुझाएकोले कुन वडामा कति रसिद वितरण गरीएको हो एकिन गर्न सकिएन । पालिकाले प्रत्येक वडालाई रसिद वितरण गर्दा रसिद नं. स्पष्टहुने गरी रसिद नियन्त्रण खातामा अभिलेख राखी वडागत रुपमा छुट्टाछुट्टै अभिलेख राख्नु पर्ने देखियो ।</td><td></td></tr>
<tr><td>२८.</td><td>राजश्वको सफ्टवेयर : नगरपालिकाले राजश्व असूलीलाई व्यवस्थित बनाउन साङ्ग्रीला माइक्रोसिस्टम प्रा.लि. ले तयार गरेको MAS (Municipality Accounting System)सफ्टवेयर प्रयोगमा ल्याएको भएता पनि वडा कार्यालयहरुले मेनुअल माध्यमबाट आम्दानीको अभिलेख गरेको देखिएको छ । यस सम्बन्धमा आगामी दिनमा पूर्ण रुपमा सफ्टवेयर बाट आम्दानीको अभिलेख राखिने नगरपालिकाको भनाई रहेता पनि पुर्ण रुपमा सुरक्षित सफ्टवेयरको प्रयोग गरी राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थित गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ</td><td></td></tr>
<tr><td>२९.</td><td>नगद दाखिला : आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको ऐन २०७४ को दफा १३ मा जिम्मेवार ब्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोहि दिन वा भोलिपल्ट तोकिएको बैक खातामा दाखिला गरी श्रेस्ताखडा गनुपर्ने ब्यबस्था छ। त्यस्तै सोहि दफामा दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिबाना गरी दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिला गरेको भए २५ प्रतिशत जरीवाना गरी नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार निजमाथि विभागीय कारवाही सम्म गर्न सक्ने ब्यबस्था छ । पालिकाको देहाय आम्दानी राजश्व खातामा दाखिला गरेको नदेखिएकोले ऐनको सो ब्यबस्था बमोजिम दाखिला गनुपर्ने रु
<table>
<tr><th>बिबरण</th><th>असुली रकम</th><th>दाखिला रकम</th><th>दाखिला नभएको रकम</th></tr>
<tr><td>नगरपालिका स्तर</td><td>९२९८८४८.४१</td><td>८५५०१२३.६४</td><td>७४८७२४.७७</td></tr>
</table></td><td>७४८७२४.७७</td></tr>
<tr><td>३०.</td><td>नगद दाखिला : आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको ऐन, २०७४ को दफा १३ मा जिम्मेवार ब्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोहि दिन वा भोलिपल्ट तोकिएको बैक खातामा दाखिला गरी श्रेस्ताखडा गनुपर्ने ब्यबस्था छ। त्यस्तै सोहि दफामा दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिबाना गरी दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिला गरेको भए २५ प्रतिशत जरीवाना गरी नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार निजमाथि विभागीय कारवाही गर्न सक्ने ब्यबस्था छ । यस पालिकाको निम्न लिखित वडाहरुबाट लेखापरीक्षणको लागि पेश भएका नगदी रसिद तथा मालपोत रसिद र आम्दानी दाखिला गरेको भौचर भिडाउँदा आम्दानी गरीएको जम्मा रकमभन्दा बैङ्क दाखिलाको रकम बढी देखिएकोले वास्तविक आम्दानी पालिकाको संचित कोषमा दाखिला भएको हो भन्ने एकिन गर्न नसकिएकोले पालिकाले सम्बन्धित वडा</td><td></td></tr>
</table>

कार्यलयको आम्दानी र संचित कोष दाखिलाको सम्बन्धमा छानविन गरी वास्तविक आम्दानी र सो वरावरको रकम संचित कोषमा दाखिला भए-नभएको एकिन गर्नुपर्ने देखियो ।

| वडा नं. | असुली रकम | दाखिला रकम | बढी दाखिला |
|---|---|---|---|
| १ | ६२४०६४ | ६६८१७० | ४४१०६ |
| ४ | १६१९०७.६५ | १६२९६७ | १०६९.३५ |
| ७ | २२८०६२.६८ | २३६३६६.९५ | ८३०४.२७ |
| ८ | २१४३२१.९९ | २१७४५४.१६ | ३१३२.१७ |
| ९ | २४३४११.०३ | ३२२९७८.०५ | ७९५६७.०२ |
| **जम्मा** | **१४७१७६७.३५** | **१६०७९३६.१६** | **१३६१७८.८१** |

३१. त्यसैगरी यस पालिकाको निम्न लिखित वडाहरुबाट लेखापरीक्षणको लागि पेश भएका नगदी रसिद तथा मालपोत रसिद र आम्दानी दाखिला गरेको भौचर भिडाउँदा आम्दानी गरीएको जम्मा रकमभन्दा बैङ्क दाखिलाको रकम कम देखिएकोले वास्तविक आम्दानी पालिकाको संचित कोषमा दाखिला भएको हो भन्ने एकिन गर्न नसकिएकोले पालिकाले सम्बन्धित वडा कार्यलयको आम्दानी र संचित कोष दाखिलाको सम्बन्धमा छानविन गरी वास्तविक आम्दानी र सो वरावरको रकम संचित कोषमा दाखिला भए-नभएको एकिन गरी कम दाखिला भएको रकम सम्बन्धित जिम्मेवार कर्मचारीबाट असुल उपर गर्नुपर्ने देखिएको रु.

५२१२७.६२

| वडा नं. | असुली रकम | दाखिला रकम | कम दाखिला |
|---|---|---|---|
| २ | ४९१३०६ | ४५३९६० | ३७३४६ |
| १२ भगवान यादव जिम्मा | १२५९२१.६२ | १११९४०.०० | १४७८१.६२ |
| **जम्मा** | **६१७२२७.६२** | **५६५१००** | **५२१२७.६२** |

वडा नं. ६ का वडा सचिव प्रदिप ठाकुर जिम्माको तथा वडा नं. १० को वडागत आम्दानीको श्रेष्ता लेखा परिक्षणको क्रममा पेश हुन नआएकोले सो वडाहरुको आम्दानी र आम्दानी दाखिलाको सम्बन्धमा एकिन गर्न सकिएन ।

३२. **आन्तरिक आम्दानी**ः बार्षिक कार्यक्रमका हरेक आम्दानि खर्चका शीर्षकहरुलाई बर्गिकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरे बमोजिम गर्नु पर्ने व्यवस्था भएपनि गाउँसभाबाट स्विकृत बार्षिक कार्यकमको आम्दानि खर्चका प्रत्येक शिर्षकलाई नगरपालिकाले लेखाङ्कन गर्दा राखेका शिर्षकहरु संग भिडान हुने गरी नेपाल सरकारले निर्धारण गरे बमोजिम संमाहित गर्नु पर्नेमा आम्दानी खर्च लेखाङ्कन गर्दा आम्दानी खर्चका शिर्षकहरु सोझै भिडान हुने गरेको पाईएन ।

३३. **विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई २०७५।४।१ देखि सवै पालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले सफ्टवेयरको प्रयोग गरेको छैन । अत सफ्टवेयरको प्रयोग गरिनु पर्दछ ।

३४. **सुशासन ऐन तथा सूचनाको हक कार्यन्वयन अवस्था** सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सावंजनिक निकायले आफ्नो निकायसंग सम्बन्धित विभिन्न सूचनाहरु प्रकाशन गर्नुंपर्ने व्यवस्थाका साथै, सुशासन ( व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा सरकारी निकायले आफूले एक आर्थिक वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागतलगायतका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुंपर्ने प्रावधान रहेकोछ । यि प्रावधान अनुसार नगरपालीकाले आ.व. २०७५/७६ मा गरेका कार्यहरु समेटेर वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरेको र वेभसाइडमा अपलोड गरेको छैन ।

३५. **सार्वजनिक परिक्षण**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । सो अनुसार सार्वजनिक परिक्षण र सुनुवाई गरेको छैन ।

| | | |
|---|---|---|
| ३६. | **योजना र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले यस्तो कार्य कार्यन्वयनमा ल्याएको छैन । जस्तै: जनजाती जनचेतना अभिवृद्धि, जेष्ठ नागरीक सम्मान, जस्ता साल बसाली कार्यमा समेत बजेट विनियोजन गरी खर्च गरेको छ । | |
| ३७. | **आन्तरीक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (२) तथा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । त्यस्तै नियमावलीको नियम ९६ वमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्दछ भन्ने व्यवस्था रहेको छ । तर यस कार्यालयले आन्तरिक लेखापरीक्षण गराएको भएपनि आन्तरिक लेखापरिक्षण प्रतिवेदन पेश हुन आएन । त्यस्तै नेपालको सार्वजनिक क्षेत्र लेखामान मापदण्ड (NEPSAS) म.ले.प.फा.नं. २७२ तयार गरेको छैन । | |
| ३८. | **सभाको निर्णय कार्यान्वयन -** मिति २०७५।०३।२३ मा सम्पन्न नगरपालिका सभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को फलो अफ रजिष्टरमा अभिलेख राखेको छैन । सभावाट वजेट पारित हुदा १२ वडालाई रु ६५ लाखका दरले रु७ करोड ८० लाखको विभिन्न योजना र नगरस्तरिय ...वटा समेत .. वटा योजना सभावाट स्विकृत गरी कार्यान्वयन गर्ने निर्णय गरेको छ। तर सो रकम वाट के कुन कस्ता कति योजना सन्चालन र सम्पन्न भए पालिकाले फलो अफ रजिष्टर नराखेकाले योजनाको विश्लेषण गर्न सकिएन । | |
| | **ब.उ.शि.नं. ८०१७६९३ (अन्तर सरकारी वित्तिय हस्तान्तरण) चालु** | |
| ३९. | **सफ्टवेयर खरिद, निर्माण तथा प्रमाणिकरण :** नेपाल सरकारको सूचना प्रविधि प्रणाली(व्यवस्थापन तथा संञ्चालन) निर्देशिका २०७१ कोबुदा ४ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट संञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न केन्द्रीय निकाय मार्फत सुचना प्रविधि विभागमा पठाउनुपर्ने,प्राप्त भएको कागजका आधारमा प्राविधिक समितिबाट जाँचबुझ गराई मानक बमोजिम पाइएमा विभागले तीस दिनभित्र प्रमाणीकरण गर्ने व्यवस्था छ। स्थानीय तहले प्रयोगमा ल्याएको कम्प्युटर सफ्टवेयर आफ्नो कार्यसम्पादन,सेवाप्रवाह,लेखा तथा प्रतिवेदन को लागी प्रयोग गर्दा विभागबाट प्रमाणीकरण नगराइ प्रयोगमा ल्याउने गरेको पाईएको छ । विभागबाट प्रमाणीकरण नगराइ सफ्टव्यर प्रयोगमा ल्याउदा युजरलगको व्यवस्था, डिजिटल हस्ताक्षर मैत्रि (PKI Software Enabled) समेत सूविधा नहुने हुदा Governmentent Enterprise Architecture आधारित स्वीकृत मापदण्डको सफ्टव्यर नहुने देखिन्छ । मापदण्ड वेगरका यस्ता सफ्टवेयरहरु प्रयोग गर्दा कार्य गुणस्तरिय नहुने र कतिपय अवस्थामा यथार्थ आम्दानी खर्चको हिसाव नभएको समेत देखिएको छ । नगरपालिकाले सफ्टवेयर प्रयोग गर्दा कानूनअनुसार प्रमाणीकरण तथा स्वीकृत गराएको सफ्टवेयर प्रयोग गरीनुपर्दछ । | |

| ब.उ.शि.नं | गो.भौ.नं /मिति | आपुतिकर्ता | सफ्टवेयर | खर्चरकम |
|---|---|---|---|---|
| समानिकरण चालु | ९१/२०७६/७/१९ | साँग्रिला माईक्रो सिस्टम प्रा.लि,ल.पु | आय लेखा प्रणाली | २२६००० |
| समानिकरण चालु | १४७/०७५/९/१० | साँग्रिला माईक्रो सिस्टम प्रा.लि,ल.पु | आय लेखा प्रणाली | २२६०००. |
| समानिकरण चालु | ९२/०७५/७/१९ | ईको. प्लस. प्रा.ली.काटमाण्डौ | आय लेखा प्रणाली | ११३००० |
| समानिकरण चालु | | ईको. प्लस. प्रा.ली.काटमाण्डौ | आय लेखा प्रणाली | ११३००० |
| समानिकरण पुजीगत | ३९/१०/२३ | सफ्टटेक फाउन्डेसन प्राली | योजना सम्वन्धी | ३९५५०० |

| | | |
|---|---|---|
| ४०. | **स्थानीय तहका पदाधिकारी सुविधा:** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं २ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त | |

ऐनमा भएको व्यवस्था अनुसार यस पालिकाले देहाय बमोजिम रु..९५८०५००।०० सुविधा वापत भुक्तानी भएको छ ।

| विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष १२ जना | कार्यपालिका सदस्य ७जना | सभाका सदस्य ४३ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ३५०००।०० | ३१०००।०० | २२०००।०० | २२०००।०० | ७०००।०० | ९४२००००।०० |
| सञ्चार सुबिधा (मासिक दरमा) | २५००० | १५५०० | १,२०,०००।०० | | | १६०५००।०० |
| जम्मा | | | | | | ९५८०५००।०० |

४१. **वैठक भत्ताः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ४ मा न्यायिक समिति वा कुनै समितिको वैठकमा भाग लिएवापत अनुसुचि १ मा उल्लेख भएको दरले लिनुपर्ने साथै सो अनुसुचिमा उल्लेख भएका समिति वाहेक अन्य वैठकहरुमा भत्ता लिन नपाउने व्यवस्था छ । पालिका पदाधिकारीहरुलाइ वैठकमा भाग लिए वापत देहाय भौचरबाट कानुन विपरित वैठक भत्ता भुक्तानी भएकोले उक्त ऐनमा व्यवस्था नभएको भत्ता भुक्तानी कार्य नियमित मान्न नसकिएको रु. ३३९०००

| ब.उ.शि.नं | गो.भौ.नं /मिति | बिबरण | वापत | बैठक भत्ता |
|---|---|---|---|---|
| समानियकरण चालु | ९४/२०७६.७.१९ | वडाअध्यक्ष १२,दिन ३,कोरु १०००।०० | वडा समिती वैठक | ३६०००.०० |
| ,, ,, | १०५/२०७६.८.५ | पदाधिकारी तथा कमचारी समेत ७८ जना रु१०००ले | नगरसभा वैठक | ७८०००.०० |
| ,, ,, | ३४२/२०७६.३.३० | पदाधिकारी ६५जना,अन्य१०जना रु१५००ले | नगरसभा वैठक | २२५०००.०० |
| | | | जम्मा | **३३९०००** |

४२. **कर्मचारी अतिरिक्त समय खर्च** : ४४१।२०७६।३।३१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ मा स्थानीय तहका कर्मचारको सेवासुविधा प्रदेश सरकारले तोकेवमोजिम हुने र प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने उल्लेख छ । कार्यालयले यस वर्ष नेपाल सरकार तथा प्रदेश सरकारले व्यवस्था गरेको भन्दा बाहेक प्रोत्साहन भत्ता (अतिरिक्ति समय भत्ता रु२१००००.००खर्च लेखेको देखियो । नेपाल सरकारले कर्मचारीलाई कार्य गरेवापत मासिक तलव भत्ताको व्यवस्था गरेकोमा बिभिन्न प्रकृतिका भत्ता तथा अतिरिक्त समय कार्य गरी भत्ता वापत खर्च लेख्न मिल्ने कानुनी आधार बेगर खर्च लेखेको छ । तेस्रो नगर सभाको निर्णय नं. ३४ मा १ महिनाको अतिरीक्त भक्ता कर्मचारीलाई भुक्तानी गर्ने व्यवस्था अनुसार गरीएको व्यहोरा छलफलमा प्राप्त भएको रु. २१००००

४३. **विल भर्पाई भन्दा वढी खर्च** : आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६ (८) मा बिल भर्पाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कार्यमा विल भर्पाई भन्दा वढी खर्च लेखेकोले वढी भुक्तानी रकम असुल हुनु पर्ने रु . २५३,५५०

| गो.भौ.नं र मिति | खर्च लेखेको रु | फाँटवारी रु | विल नपुग रकम रु | कैफियत |
|---|---|---|---|---|
| वित्तिय समान्यिकरण चालु १७५।२०७५.१०.४ | ५० ,९७५.०० | २०,०७५.०० | ३०,९००.०० | विद्युतको विल |
| वित्तिय समान्यिकरण चाल ३४३।२०७६.३.५ | १८२९८३.०० | ६४७९०.०० | ११८०००.०० | |
| वित्तिय समान्यिकरण चालु ४३२।२०७६.३.३१ | ६५१०० | ०.०० | ६५१००.०० | |
| ३३४।३।५ | ३९५५०.०० | ० | ३९५५०.०० | मर्मत शिर्षकवाट |
| जम्मा | | | २५३,५५० | |

४४. **अनुगमन भत्ता**- स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ ले स्थानीय तहको योजनाहरु अनुगमन गरे बापत पाउने पारिश्रमिक सम्बन्धी स्पष्ट व्यवस्था गरेको छैन । तर

पालिकाले विभिन्न मितिमा अनुगमन गरेको भनी देहाय बमोजिमअनुगमन भत्ता भुक्तानी गरेको छ । यसरी कानुनमा अनुगमन भत्ता सम्बन्धी स्पष्ट व्यवस्था नभएको अवस्थामा समेत अनुगमन भत्ता खर्च लेख्ने आधार नदेखिएको रु

१८४००.००

| ब.उ.शि.नं | गो.भौ.नं /मिति | बिवरण | अनुगमन भत्ता रकम |
|---|---|---|---|
| शर्शत पूजिगत | १३।२०७६।२।१३ | किशोरावस्थामा प्रजनन स्वास्थ्य तालिम ४ जनाले जम्मा ४ पटक अनुगमन | ६०००।०० |
| शर्शत चालु | ४९।२०७६।३।३१ | लैंगिक हिंसा निवारण न्यायिक समितिको तालिम ४ जनाले जम्मा ८ पटक अनुगमन | १२,४००।०० |
| | | **जम्मा** | **१८४००** |

४५. **करारका खरिदारको पारिश्रमिक खर्च –** प्रदेश २ अर्न्तगत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा थप कर्मचारी नियुक्त गरी तलव भत्ता भुक्तानी दिन मिल्ने व्यवस्था छैन । पालिकाले स्वीकृत दरवन्दीका कर्मचारीहरुको मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ । तर पालिकाले विभिन्न भौ नं र मितिवाट २ जना करारका खरिदार नियुक्ती गरि पारीश्रमिक रु ५,७६,०००।०० खर्च लेखेको छ । सो खर्च नियमित नदेखिएको ।

४६. **विद्युत महसुल जरिवाना** कार्यालयले विद्युत तथा पानी र टेलिफोनको महशुल मासिक रुपमा वुझाइ जरिवानावाट वच्ने र नियमानुसार छुट प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्दछ । नगरपालिकाले विद्युत महशुल ७ दिन भित्र वुझाएर ३ प्रतिशत छुट लिनु पर्नेमा वजेट तथा आम्दानीको श्रोत हुंदा हुदै समयमा महशुल नवुझाए वापत रु.४७२९९.०० थप दस्तुर जरिवाना तिरेको देखियो । समयम महशुल वुझाउन ध्यान नदिएको कारण नगरपालिकालाई थप व्ययभार परेकोले छुट लिने गरी विद्युत महशुल तथा टेलिफोनको महशुल वुझाउन ध्यान दिनु पर्दछ । सरकरी वजेटवाट थप दस्तुर जरिवाना खर्च लेखेको अनियमित देखिएको रु.

४७२९९

| **भौ.न र मिति** | **अवधि** | **विल रकम रु** | **अतिरिक्त महशुल रु** |
|---|---|---|---|
| ९६/२०७५.८.२ | २०७५ असोज | ६६२४.०० | १६६६.०० |
| १४८/२०७५.९.१२ | २०७५कार्तिक | १३४०२०.०० | ३५५०२.०० |
| १४८/२०७५.९.१२ | २०७५मसिर | ८७९२.०० | ८७९.०० |
| ३६५/२०७६.३.२२ | २०७६ जेठ | ११३०४.०० | २८२६ |
| ३६६/२०७६.३. | | १६६०८ | ४१६७ |
| ३७२/२०७६.३.२६ | | ९०५६ | २२५९ |
| **जम्मा** | | | **४७२९९** |

४७. **वितरणमुखी खर्च** : पूंजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा नगरपालीकाले आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूंजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक देखिन्छ यस्ता संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत छैन । स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नियम संगत देखिदैन । यस्ता संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृतिलाई समेत आर्थिक सहायता दिएको पाईएकोले यस्ता खर्च न्यूनिकरण गर्दै जानुपर्ने देखियो ।

४८. **मिर्चैया उद्योग वाणिज्य सघ लाई सहयोग** : पालिकाले मिर्चैया उद्योग वाणिज्य सघं लाइ प्रथम मिर्चैया महोत्सव संचालन गर्न रु ७०००००।०० उपलवध गराएको पाईयो । सघंलाई महोत्सव अन्तरगत के प्रयोजन, कुन कुन क्षेत्रमा उपयोग गर्ने गरि दिएको हो सो खुलाएको छैन । पालिकाले उपलब्ध गराएको रकम सघंले आयमा समावेश गरे नगरेको, सम्झौता, महोत्सवको प्रगती, उपयोगको क्षेत्र तथा लेखापरिक्षण प्रतिवेदन समेत पेश हुनु पर्नेमा नभएकोले खर्च रकम एकिन हुन नसकेको रु

७०००००।००

४९. **नर्म्स भन्दा बढी भुक्तानी** : अर्थ मन्त्रालय कार्यसन्चालन निर्देशिका को दफा ७.१.१५ को ४ अनुसार सम्बन्धित कार्यालयको स्रोत व्यक्तिले प्रशिक्षण तालिममा कक्षा लिएबापत कार्यपत्रको मात्र पारिश्रमीक पाउने अवस्थामा कक्षा संचालन भत्ता समेत भुक्तानी लिएको पाईयो । पालिकाले वढी नर्मस स्विकृत गरी भुक्तानी गरेको भत्ता अर्थ मन्त्रालय कार्यसन्चालन निर्देशिका भन्दा वढी छ । नमुना छनोटको आधारमा

परीक्षण गर्दा ९६००।०० बढी भुक्तानी भएको रु ९६००.००

| ब.उ.शि .नं | भौ.न र मिति | कार्यकमको नाम | कक्षा संख्या/ सेसन | प्रति कक्षा,सेसन भुक्तानी दर | अर्थ मन्त्रालय कार्यसन्चालन निर्देशिको दर | भुक्तानी लिएको रकम | नर्म्स अनुसार पाउने रकम | कर बाहेक बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| शसर्त महिला | ४९/२० ७६.३.३१ | लैगिक हिंसा निवारण ,न्यायिक समितिकोक्षमता विकास | ४सेसन | २००० | ८०० | ८००० | ३२०० | ४८०० |
| शसर्त महलि | ५१/२०७ ६.३.३१ | लैगिक हिंसा निवारण ,न्यायिक समितिकोक्षमता विकास | ४सेसन | २००० | ८०० | ८००० | ३२०० | ४८०० |
| | | जम्मा | | | | | | ९६०० |

५०. **खरिद योजना** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ उपनियम(१)मा सार्वजनिक निकायले बार्षिक दशलाख रुपैया भन्दा बढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथाबजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यबस्था छ ।त्यस्तै सोहि नियमको उपनियम(५)मा सार्वजनिक निकायप्रमुखले चालु आ. व.को स्विकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि सो अनुरुप यो नियम बमोजिम तयार भएको बार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गनुपर्ने ब्यबस्था छ । पालिकाको कार्यालय सञ्चालन सम्बन्धि बार्षिक बजेट विनियोजन भएपनि बार्षिक खरिद योजना तयार नगरी पटक पटक टुका खरिद गरी रु.५२१२२४९।०० खर्च लेखेको छ। कानून बमोजिम बार्षिक खरिद योजना तयार गरी खरिद कार्य गरिनुपर्दछ ।

५१. ब.उ.शि.नं. ८०१७६९३ (अन्तर सरकारी वित्तिय हस्तान्तरण) पुंजीगत

**सवारी साधन खरिद -** नगरपालिकाले कार्यालयको लागि आवश्यक सवारी साधन खरिद गर्नको लागि खरिद गर्ने सवारी साधनको लागत अनुमान तथा स्रोत उल्लेख गरी अर्थ मन्त्रालयमा स्वीकृतको लागि पेश गरी अर्थ मन्त्रालयबाट स्वीकृती लिई सवारी साधन खरिद गर्नु पर्दछ । नगरपालिकाले वित्तिय समानीकरणको लागि केन्द्रबाट प्राप्त बजेट बाट निम्न सवारी साधन खरिद गरेकोमा अर्थमन्त्रालयबाट स्वीकृत लिएको छैन ।

| गो.भौ.नं. र मिति | सवारी साधनको विवरण | आपुर्तकको नाम | खर्च रकम |
|---|---|---|---|
| १२५/३/२६ | रोड रोलर | जगदम्वा कन्स्ट्रक्सन सोलुसन प्रा.ली | ४०५००००.०० |
| जम्मा | | | ४०५००००.०० |

५२. **अनुगमन खर्च -** ५२।२०७५।१२।२८ र १५९।२०७६।३।२९ स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ ले स्थानीय तहको योजनाहरु अनुगमन गरे बापत पाउने पारिश्रमिक सम्बन्धी स्पष्ट व्यवस्था गरेको छैन । तर नगरपालिकाको वडा न ं१ देखि १२ सम्मका विभिन्न मितिमा अनुगमन गरेको भनी पदाधिकारी एवं कर्मचारीहरुलाइ देहाय बमोजिम अनुगमन खर्च लेखेको पाइयो । यसरी खर्च सम्बन्धी स्पष्ट कानुनि व्यवस्था नभएको अवस्थामा समेत अनुगमन खर्च भनी निम्नानुसार रु १६६५६००.०० खर्च लेखेको छ ।

| भत्ता बुझिलिने पदाधिकारी तथा कर्मचारी | श्रावण देखि पौष | माघ देखि जेष्ठ | जम्मा दिन | दर | जम्मा रकम | कैफयत |
|---|---|---|---|---|---|---|
| अध्यक्ष श्रवण कुमार यादव | ६१ | ८० | १४१ | १६०० | २२५६०० | |
| उपाध्यक्ष जिवछी देवी साह | ६१ | ८० | १४१ | १६०० | २२५६०० | |
| प्र.प्र.अ. राजेन्द्र प्र. पौडेल | ६१ | ८० | १४१ | १६०० | २२५६०० | |
| ई. राजेश कु साह | ६१ | ८० | १४१ | १६०० | २२५६०० | |
| लेखापाल देवेन्द्र कु यादव | ६१ | ८० | १४१ | १२०० | १६९२०० | |
| सव ई लव कु यादव | ४० | ७० | ११० | १२०० | १३२००० | |
| सव ई राज किशोर साह | ३२ | ६५ | ९७ | १२०० | ११६४०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अमिन प्रविन कु साह | ६ | ० | ६ | १२०० | ७२०० | |
| का.स. दिलिप कु. मण्डल | ३ | ० | ३ | १००० | ३००० | भरपाई नभएको |
| का.स. रामवालक मण्डल | ३ | ० | ३ | १००० | ३००० | |
| का.स. राम नारायण यादव | ३ | ० | ३ | १००० | ३००० | |
| का.स. गिता देवि पासवान | ३ | ० | ३ | १००० | ३००० | भरपाई नभएको |
| चालक रविन्द्र यादव | ६ | ० | ६ | १००० | ६००० | |
| चालक विपिन कु. साह | ६ | ० | ६ | १००० | ६००० | |
| का.स. फुलवा मण्डल | ३ | ० | ३ | १००० | ३००० | भरपाई नभएको |
| १२ वडा अध्यक्ष र ११ सचिव | ३ | | | १२०० | ७५६०० | |
| १२ वडा अध्यक्ष र ११ सचिव ५ कर्मचारी | | विभिन दिन | | १२०० | १८०८०० | |
| विभिन्न १० जना का.स. | | | | १००० | ५५००० | |
| **जम्मा** | | | | | १६६५६०० | |

५३. **भरपाई बेगरको खर्च :-** कुनै सामान खरीद गर्दा वा सेवा लिदा भुक्तानी गरेको रकम सम्बन्धीतलाई बुझाउनु पर्ने कानुनी व्यवस्था रहेको छ । भरपाई समेत नगराई निम्नानुसार कार्य बापतको रकम कार्यक्रम संचालकले विभिन्न व्यक्तिको नाममात्र समावेस गरी रकम नबुझाई दोहोरो पर्ने गरी खर्च लेखेकोमा भरपाई समेत नभएकोले वास्तविक कार्य भएरै खर्च भएको हो भन्न सकिने अवस्था रहेन । अतः कार्य भएको भए प्रमाण सहित रकम बुझेको भरपाई पेश हुनु पर्ने अन्यथा बिना भरपाईको दोहोरो खर्च रकम असूल/दखिला हुनु पर्ने रु.

१०८१००.००

| गो.भौ.नं. र मिति | कार्यक्रम / संचालक | विवरण | भुक्तानी पाउने व्यक्ति/आपूर्तक | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| ५२।२०७५।१२।२८ | लवकुमार यादवलाई सो.भ. | योजना अनुगमन भत्ता | का.स. दिलिप कु. मण्डल | ३००० | |
| ५२।२०७५।१२।२८ | लवकुमार यादवलाई सो.भ. | योजना अनुगमन भत्ता | का.स. गिता देवि पासवान | ३००० | |
| ५२।२०७५।१२।२८ | लवकुमार यादवलाई सो.भ. | योजना अनुगमन भत्ता | का.स. फुलवा मण्डल | ३००० | |
| १५९।२०७६।३।२९ | लवकुमार यादवलाई सो.भ. | योजना अनुगमन भत्ता | देव कृष्ण शाह | ३६०० | |
| १५९।२०७६।३।२९ | लवकुमार यादवलाई सो.भ. | योजना अनुगमन भत्ता | रामनाथ यादव | ३६०० | |
| १५९।२०७६।३।२९ | लवकुमार यादवलाई सो.भ. | योजना अनुगमन भत्ता | घनन्जय महतो | ३६०० | |
| १५२।२०७६।३।२९ | दलित महिला संघ | तालिम अनुगमन भत्ता | श्रवण कुमार यादव | ४०८० | जेष्ठ ३० र ३१ २ दिन चल्दा ३ दिनको भुक्तानी |
| १५२।२०७६।३।२९ | दलित महिला संघ | तालिम अनुगमन भत्ता | जिवछी देवी साह | ४०८० | ,, |
| १५२।२०७६।३।२९ | दलित महिला संघ | तालिम अनुगमन भत्ता | राजेन्द्र प्र. पौडेल | ४०८० | ,, |
| १५२।२०७६।३।२९ | दलित महिला संघ | तालिम अनुगमन भत्ता | देवेन्द्र कु यादव | ३०६० | ,, |
| १५२।२०७६।३।२९ | दलित महिला संघ | तालिम अनुगमन भत्ता | श्रवण कुमार यादव | ४०८० | असार२ र ३ गते २ दिन चल्दा ३ दिनको भुक्तानी |
| १५२।२०७६।३।२९ | दलित महिला संघ | तालिम अनुगमन भत्ता | जिवछी देवी साह | ४०८० | ,, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १५२।२०७६।३।२९ | दलित महिला संघ | तालिम अनुगमन भत्ता | राजेन्द्र प्र. पौडेल | ४०८० | ,, | | |
| | | १५२।२०७६।३।२९ | दलित महिला संघ | तालिम अनुगमन भत्ता | देवेन्द्र कु यादव | ३०६० | ,, | | |
| | | १५२।२०७६।३।२९ | दलित महिला संघ | तालिम अनुगमन भत्ता | श्रवण कुमार यादव | ४०८० | असार४ र ५ गते २ दिन चल्दा ३ दिनको भुक्तानी | | |
| | | १५२।२०७६।३।२९ | दलित महिला संघ | तालिम अनुगमन भत्ता | जिवछी देवी साह | ४०८० | ,, | | |
| | | १५२।२०७६।३।२९ | दलित महिला संघ | तालिम अनुगमन भत्ता | राजेन्द्र प्र. पौडेल | ४०८० | ,, | | |
| | | १५२।२०७६।३।२९ | दलित महिला संघ | तालिम अनुगमन भत्ता | देवेन्द्र कु यादव | ३०६० | ,, | | |
| | | १६५।३।२९ | अपाङ्ग विकास केन्द्र | तालिम अनुगमन भत्ता | श्रवण कुमार यादव | ३००० | २ दिनको | | |
| | | १६५।३।२९ | अपाङ्ग विकास केन्द्र | तालिम अनुगमन भत्ता | जिवछी देवी साह | ३००० | ,, | | |
| | | १६५।३।२९ | अपाङ्ग विकास केन्द्र | तालिम अनुगमन भत्ता | राजेन्द्र प्र. पौडेल | ३००० | ,, | | |
| | | १६५।३।२९ | अपाङ्ग विकास केन्द्र | तालिम अनुगमन भत्ता | देवेन्द्र कु यादव | २४०० | ,, | | |
| | | २२०।३।३१ | वडा१२ महिलाको जनचेतना अभिमुखिकरण | तालिम अनुगमन भत्ता | जिवछी देवी साह | ३२०० | असार २९ गते १ दिन चल्दा २ दिनको भुक्तानी | | |
| | | २२०।३।३१ | ,, | तालिम अनुगमन भत्ता | राजेन्द्र प्र. पौडेल | ३२०० | | | |
| | | २२०।३।३१ | ,, | तालिम अनुगमन भत्ता | देवेन्द्र कु यादव | २४०० | | | |
| | | २२०।३।३१ | ,, | प्रशिक्षण भत्ता | राजेन्द्र प्र. पौडेल | ३००० | सोही दिन २ पटकको अनुगमन भत्ता समेत | | |
| | | २२०।३।३१ | ,, | प्रशिक्षण भत्ता | विजय कुमार सिंह | ३००० | | | |
| | | २२०।३।३१ | ,, | प्रशिक्षण भत्ता | प्रमोद यादव | ३००० | | | |
| | | २२०।३।३१ | ,, | प्रशिक्षण भत्ता | देवेन्द्र कु यादव | ३००० | सोही दिन २ पटकको अनुगमन भत्ता समेत | | |
| | | २२०।३।३१ | ,, | सहयोगी भत्ता | राजगिर यादव | १२०० | | | |
| | | २२०।३।३१ | ,, | सहयोगी भत्ता | उग्र नारायण झा | १२०० | | | |
| | | २२०।३।३१ | ,, | सहयोगी भत्ता | रविन्द्र यादव | १२०० | | | |
| | | २२०।३।३१ | ,, | सहयोगी भत्ता | दुखरन सदा | १००० | | | |
| | | २२१।३।३१ | असार २४ गते वडा १२ मा जेष्ठ नागरिक सम्मान कार्यक्रम | अनुगमन भत्ता | जिवछी देवी साह | १६०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ,, | तालिम अनुगमन भत्ता | राजेन्द्र प्र. पौडेल | १६०० | |
| | ,, | तालिम अनुगमन भत्ता | तपेश्वर यादव | १२०० | |
| | ,, | | देवेन्द्र कु यादव | १२०० | |
| जम्मा | | | | १०८१०० | |

भौ नं. ५२ र १५९ बाट योजना अनुगमन भनी रकम बुझेकोले सोही अवधिमा संचालित तालिम संचालकले अनुगमनमा नाम समावेश गरेकोले दोहोरो पर्न गएकोकारण भरपाई नगरीखर्च लेखेकोले बैक दाखिला हुनु पर्ने ।

५४. **घटी फाटवारी** ५२।२०७५।१२।२८ विभिन्न कर्मचारी तथा पदाधिकारीलाई योजनाको अनुगमन गरेवापत अनुगमन भक्ता वितरणकोलागि लवकुमार यादवको नाममा रु ६६७०००।०० सोधभर्ना दिएकोमा १५ जना अनुगमन कर्तालाई रु ६५९८००।०० भुक्तानी गरेको भरपाई सम्लग्न रहेकोले भरपाई र अनुगमन वेगरको वढी खर्च रु ७२००।०० बैक दाखिला हुनु पर्ने रु — ७२००.००

५५. **बिल बेगर भुक्तानी :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं ४३ मिति २०७५।१२।५ बाट उमेश होटलका उमेश शाहलाई निवेदनको आधारमा रु २९०१४०।०० भुक्तानी गरेकोमा बिल भर्पाई संलग्न गरेको छैन । अत: के कार्य वापत खाजा खर्च लेखेको हो सो कार्य भएको प्रमाण सहित बिल संलग्न गर्नु पर्ने अन्यथा बिल बिनाको भुक्तानी रकम असूल हुनुपर्ने सम्बन्धमा छलफल पश्चात १५ थान २० हजार मुनिका खाजाको बिल श्रावण देखि पौष सम्मको संलग्न गरी पेश हुन आएको छ ।

५६. **कर विजक:** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसुचि ५ वमोजिमको ढाँचामा सिलसिलेवार नम्वर सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न आपुर्तकलाई मूल्य अभिवृद्धि कर समेत भुक्तानी दिएको छ । मु.अ.करमा दर्ता भएकाले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण प्रत्येक महिनामा पेश गर्नुपर्दछ । निम्न आपुर्तकको विजकको प्यान नम्वर लिई सर्चगर्दा राजश्व विभागको अन लाइनमा नन फिलर देखाएको तथा हस्त लिखित विजक जारी गरेकोले आपुर्तकले मु.अ.कर रकम दाखीला गरेको भनी एकीन नभएकोले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा मु. अ. कर रकम समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गर्नुपर्ने रु. — ९७६५४१.९२

| गो.भौ.नं. र मिति | आपुर्तक | कार्य विवरण | विजक नं. र मिति | मु.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| ६१/१/३१ | पुष्प हेम कनस्ट्रक्सन प्रा.ली. | खा.पा. सडक खण्डको निर्माण | ३।०७६।१।२९ | १८३०९८ | २०७५ फल्गुण |
| ८८।०७६।२।३१ | बाबा सन्यासी एण्ड जाल्पा कन्स्ट्रक्सन | कवुर गाहको वाल निर्माण वडा नं. ५ | १०।०७६।२।२३ | ५५६२९.७० | २०७६ वैशाख |
| ९९।०७६।३।११ | पुष्प हेम कन्स्ट्रक्सन प्रा.लि. | सडक मर्मत तथा ग्रावेल | ४।०७६।३।१ | ४७५६५ | २०७५ फल्गुण |
| १३२।२०७६।३।२९ | अनिष निर्माण सेवा | पक्की सडक ढलान उ.स. वडा नं. १२ | ५।०७६।३।१९ | १३८०५ | हस्त लिखित |
| २२२।२०७६।३।३१ | रुबी कन्स्ट्रक्सन | संसारी माई मन्दिर निर्माण वडा नं. ६ | ९।०७६।३।२६ | ३८८८६ | २०७६ वैशाख |
| १५४।२०७६।३।२९ | शिव ईटा उद्योग | राम जानकी पोखरीमा धार निर्माण वडा नं. २ | २१५।२०७६।३।४ | ४२९० | २०७६ जेठ |
| १९६।२०७६।३।२९ | सन्जय ट्रान्सपोर्ट कम्पनी प्रा.ली. | सडक मर्मत तथा ग्राभेल वडा नं. १० | ८९।२०७६।३।१६ | १३८०५३ | भ्याटमा दर्ता नभएको |
| १९८।२०७६।३।२९ | शंकर कन्स्ट्रक्सन | सडक फराकिलो तथा कच्ची नाला निर्माण उ.स. वडा नं. २ | २९।२०७६।३।२५ | १५४४४० | २०७५ असार |
| २१०।२०७६।३।३१ | शंकर कन्स्ट्रक्सन | कृषि सडक निर्माण, होम पाईप खरिद उ.स. २ | २८।२०७६।३।२४ | ५०७०० | २०७५ असार |
| | | | ३०।२०७६।३।२५ | ३२५० | २०७५ असार |
| | | | ३१।२०७६।३।२५ | ५०६९३ | २०७५ असार |
| १५४।२०७६।३।२९ | शिव ईटा उद्योग | अधुरो कम्पाउण्ड वाल निर्माण उ.स. वडा नं. १ | २५७।०७६।३।१७ | २८६० | २०७६ जेठ |
| | | | २५९।०७६।३।१ | २८६० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ८ | | |
| | | | २६०।०७६।३।१८ | २८६० | |
| | | | २६२।०७६।३।१९ | २८६० | |
| | | | २६४।०७६।३।१९ | २८६० | |
| | | | २६६।०७६।३।२० | २८६० | |
| | | | २६८।०७६।३।२०| २१४५ | |
| | | | २७३।०७६।३।२१ | २१४५ | |
| १५८।२०७६।३।२९ | शिव ईटा उद्योग | भवन निर्माण तथा खा.पा. उ.स. १ | २५२।०७६।३।१५ | २८६० | २०७६ जेठ |
| | | | २५६।०७६।३।१७ | २१४५ | |
| | | | २५५।०७६।३।१६ | २१४५ | |
| २०८/३/३१ | वन्नी माई कन्स्ट्रक्सन | नया सडक निर्माण कार्य उ.स.१२ | २६।३।२६ | ४१४१५ | २०७६ बैशाख |
| समा. चालु १७२।२०७५।९।२० | सगरमाथा अफसेट प्रेश | छपाई | ५७।२०७५।९।२० | २७७५५ | २०७५ श्रावण देखि |
| प्रदेश पुजी. १।३।२६ | सिला ट्रेडर्स | सडक ग्राभेल | ७१५।३।१३ | ८०५३२ | २०७६ आषढ देखि |
| प्रधानमन्त्री रोजगार १९।३।२५ | आर.पी. सप्लायर्स | सामाग्री खरिद | ९०।२०७६।३।३ | ४८४३७.२२ | २०७५ चैत्र देखि |
| प्रधानमन्त्री रोजगार ४२।३।२५ | कमला होम डेकोरेसन | सामाग्री खरिद | ३०९। मिति वेगर | ९३९३ | २०७५ असार देखि |
| **जम्मा** | | | | ९७६५४१.९२ | |

| | | |
|---|---|---|
| ५७. | **मु अ कर असुल** १११।०७६।३।२० मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५(१) मा दर्ता नभएको ब्यक्तिले कर असुल गरेको देखिने कुनै बिजक वा कागजात जारी गर्न र कर उठाउनु हुदैन । त्यस्तै दफा १५(२) मा दर्ता नभएको कुनै ब्यक्तिले कर उठाएमा त्यसरी उठाएको कर निर्धारण गरी निजबाट असुल उपर गरिनेछ । त्यस्तै मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ३२(१) मा दर्ता नभएको कुनै ब्यक्तिले कर उठाएमा निजले ऐनको दफा १५(२) बमोजिम उठाएको करको निर्धारण नियम २९ मा उल्लेख भए बमोजिमको प्रकृया अपनाई करको निर्धारण गरिनेछ । सोही नियमको उप नियम २ मा उपनियम १ बमोजिम निर्धारण गरिएको कर त्यस्तो कर उठाउने दर्ता नभएको ब्यक्तिले कर निर्धारण आदेश जारी भएको मितिले १५ दिन भित्र बुझाउनु पर्ने ब्यबस्था छ । कार्यालय अन्तर्गत सञ्चालित बिभिन्न परामर्श सेवा मध्ये कर्मचारीहरुको कार्यविवरण तयार गरेवापत परामर्शकर्ता स्टार्सट्रेड एण्ड इन्जिनियरिङ्ग प्रा.ली. (६०६७३७३३७) को मू.अ.करमा दर्ता नट भ्यालीट देखिएकोले उक्त प्रा.ली ले कार्य गर्दा मू.अ.कर बिजक जारी गरी मू.अ.कर रु ३४३८५।०० समेत रु २९८८८५।०० गैह्र कानुनी रुपमा भुक्तानी भएकोले निजबाट कर निर्धारण गरी असुल हुनुपर्ने रु.. | ३४३८५।०० |
| ५८. | **नपुग कर असुल** १११।०७६।३।२० कर्मचारीहरुको कार्य विवरण तयार गरेवापत परामर्श कर्ता स्टार्सट्रेड एण्ड इन्जिनियरिङ्ग प्रा.ली. (६०६७३७३३७) को मू.अ.करमा दर्ता नट भ्यालीट देखिएकोले उक्त प्रा.ली लाई कार्य गर्दा मू.अ.कर बिजक जारी गरी रु २९८८८५।०० भुक्तानी गरेको छ । मु अ करमा दर्ता नभएको आपुर्तकको विजक रकममा १५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नु पर्नेमा १.५ प्रतिशत मात्र कट्टी भएकोले विजक रकम रु २६४५००।०० को नपुग १३.५ प्रतिशत कर असुल हुनु पर्ने रु | ३५७०७५० |
| ५९. | **अस्विकृत योजना** गो.भौ. नं. २।२०७५।५।२५ गत वर्षको योजनाबाट सार्वजनिक शौचालय निर्माण गरेबापत उपभोक्ता समितिका अध्यक्ष राम आशिष यादवलाई ३ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी रु ४,८५,०००। भुक्तानी दिईएको छ । कार्य सम्पन्न प्रतिवेदन अनुसार ०७५।३।११ मा सम्झौता र आदेश भई २०७५।६।३० मा सम्पन्न भएको तथा लागत ईष्टिमेट ६,०७,१८४। र कार्य सम्पन्न रकम रु ६,०६,९५३।०० रहेको उक्त योजना यस आ.व. मा नगरपालिकाले स्विकृत गरेका १६८ वटा योजनामा समावेश गरीएको छैन । गत वर्षको योजना यस वर्ष भुक्तानी गर्न योजना स्विकृत हुनु पर्ने रु | ४,८५,०००। |
| ६०. | **योजना संचालन** गो.भौ.नं. ४।२०७५।६।२४ लगत ईष्टिमेट रु. ६,०६,५०१।०० रहेको वडा नं. ९ मा सञ्चालित सार्वजनिक शौचालय निर्माण योजना २०७५।३।१५ मा सम्पन्न गर्ने गरी मिति २०७५।२।२९ मा सम्झौता तथा कार्यादेश भएको छ । २०७५।३।२२ सम्मको विल भर्पाई तथा डोर हाजिरी संलग्न राखी | |

०७५।३।२३ मा म्याद थप माग गरीएकोमा २०७५।६।३० सम्म म्याद थप स्विकृत गरीएको छ । उक्त योजना यस आर्थिक वर्षको स्विकृत योजनामा अ.ल्या. योजनाको रुपमा योजनाको नाम र रकम उल्लेख गरीएको छैन । साथै गत वर्षको भूक्तानी हुन बाँकीको विवरण म.ले.प.फा.नं. १८ मा समेत राखिएको छैन अत स्विकृत म.ले.प.फा.नं. १८ पेश हुनु पर्ने रु ४,८४,०००।

६१. **योजना कार्यान्वयन :** यस आर्थिक वर्षको स्विकृत योजनामा अ.ल्या. योजनाको रुपमा योजनाको नाम र रकम उल्लेख नगरी निम्नानुसार योजना गत वर्ष जेष्ठ महिनामा सम्झौता गरी असार महिना भित्र सम्पन्न गर्ने गरी कार्यादेश दिएको छ । गत वर्ष सम्पन्न भईसकेको र भुक्तानी नभएको एकिन नगरी नगर सभावाट बजेट र अ.ल्या योजनाको रुपमा स्विकृत समेत नगरी प्राविधकले उठान गरेको म्यादथप टिप्पणीमा कार्यालय प्रमुखले म्यादथप गरी निम्नानुसार योजनाको रकम भुक्तानी गरेको छ । साथै गत वर्षको भूक्तानी हुन बाँकीको विवरण म.ले.प.फा.नं. १८ मा समेत भुक्तानी वाकी विवरण राखिएको छैन । अत स्विकृत म.ले.प.फा.नं. १८ पेश गरी सभावाट स्विकृत तथा अनुमोदन गरेको प्रमाण पेश हुनु पर्ने रु १४२८२२१४

| गो.भौ.नं. र मिति | आयोजना उ.स.को नाम | सम्झौता मिति | लगत ईष्टिमेट रकम | कार्य सम्पन्न रकम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ५।७८ | सडक कालो पत्रे उ.स. २ | २०७५।२।१७ | ६४६६९५५.५० | ५८८१२०८.३० | २८७२८५७ | |
| ७।७११ | सडक विस्तार, मर्मत सम्भार उ.स.९ | २०७५।२।२८ | १८१९८५० | १७८१९०० | ६१२५६१ | दोस्रो रनिगं विल |
| ९।७१५ | अधुरो मदरशा निर्माण उ.स. | २०७५।२।२९ | ३६३०८६ | ३६१७०० | २९८०४१ | |
| १०।७१९ | मदरशा दा.उ.र.मु. भवन निर्माण उ.स. | २०७५।२।२९ | ३६५०७३ | ३६३९१० | ३००००० | |
| १२।७८ | खा.पा.स.स. तथा सडक मर्मत कार्य उ.स. | २०७५।२।१७ | १०९२००३ | | ४१०००० | प्रथम रनिगं विल |
| १३।८।१६ | बोरिङ जडान उ.स. ७ | २०७५।३।८ | ४२३७९३३ | ४१०४९७८ | १९६१००० | प्रथम रनिगं विल |
| २०।९।१३ | | २०७५।३।८ | | | १४२५००० | |
| १७।९।११ | पक्की नाला निर्माण कार्य उ.स.१ | २०७५।२।२२ | ६०६२८२७ | ५६३०७९१ | २६९५६२२ | अन्तिम विल |
| २१।१०।४ | RCC निर्माण उ.स. | २०७५।२।१७ | | | २०९८१९९ | |
| २२।१०।७ | सडक ग्रावेल तथा स्तरोन्नती उ.स. ४ | २०७५।२।२९ | १२१२२०९ | ७३८९९८ | ६०८९३४ | |
| २३।१०।७ | सडक निर्माण तथा कल्भर्ट निर्माण उ.स. | २०७५।२।२४ | १२१३५५८ | १२१३२२८ | १०००००० | |
| | जम्मा | | | | १४२८२२१४ | |

६२. **घटी कार्य** गो.भौ.नं. २१६।३।३१ लागत ईष्टिमेटरु. ५४०२३८८। रहेको वाटो विस्तार तथा कालोपत्रे सडक निर्माण वापत वडा नं. २ को उपभोक्ता समितिलाई रु १३९००००। भुक्तानी गरीएको छ । अर्थवर्क सहित १३ आईटम कार्यमध्ये लागत ईष्टिमेट अनुसार अर्थवर्क कार्य १०४९३।७७घन मिटरको १६५। का दरले १७३१४७२।५० हुनेमध्ये १०२३९.६ घनमिटरको रु. १६९१५३३। को कार्य भएको अवस्थामा कार्य सम्पन्न बनाई सार्वजनिक लेखा परिक्षण र नगर कार्य अनुगमन परीक्षण समेत गरी वडा तथा नगरको सिफारिश बेगर १३९००००। भुक्तानी भएको छ । यसरी १३ आईटम मध्ये एउटा मात्र कार्य गरी कार्य सम्पन्न तयार गरी भुक्तानी भएको अवस्था छ । वाकी १२ आईटम कार्य नगरेको अवस्थामा कार्य सम्पन्न भएको भनी रकम भुक्तानी गरेको सम्बन्धमा छानविन गरी वास्तविकता एकिन गर्नुपर्ने देखियो ।

६३. **घटी कार्य** गो.भौ.नं. २१७।३।३१ लागत ईष्टिमेट रु.६२२५२९०। मध्ये ५० लाख पालिकाले व्यहोर्ने गरी वडा नं. १० सडक मर्मत तथा फराकिलो, ग्राभेल, होमपाईप राख्ने कार्यका लागि २०७६ असार मसान्तमा कार्य सम्पन्न गर्नेगरी २०७६।१।१७ मा उपभोक्ता समितिको गठन, सम्झौता तथा कार्यादेश भएको छ । BOQ मा अर्थवर्क (१३००.३० घन.मी. प्रति घ.मी रु १६५।०० दरले जम्मा ६ आईटम कार्य गर्ने उल्लेख छ । ६ आईटम मध्ये रु. १३३९०८२। बराबरको ७०५६।३७घन मिटर सहित ४ आईटम कार्य भएको अवस्थामा

| | | |
|---|---|---|
| | कार्यसम्पन्न तयार गरी वडा तथा नगरको सिफारिस बेगर ११०००००। भुक्तानी भएको छ । यसरी ६ आईटम मध्ये ४ वटा आईटम मात्र कार्यगरी कार्य सम्पन्न तयार गरी भुक्तानी भएको देखिँदा यस सम्बन्धमा छानविन गरी वास्तविक तथ्य एकिन गर्नुपर्ने देखियो । | |
| ६४. | **गुणस्तर परिक्षण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । यस बर्ष पारित गरेको नीति तथा कार्यक्रम बमोजिम बढि लागत अनुमान भएका सडक कालोपत्रे, ढलान, भवन निर्माण तथा विधुतिकरण कार्यको गुणस्तरीयता सुनिश्चित नगरी देहाय बमोजिम कार्यको भुक्तानी गरेको देखिएकोले निर्माण कार्यमा गुणस्तरीय सुनिश्चित भएन । | |

| बजेट उपशिर्षक | गोश्वरा भौचर | निर्माण ब्यावसायी/उ.स. | कार्य | लागत अनुमान रकम | खर्च रकम |
|---|---|---|---|---|---|
| समानीकरण पुजिगत | ६९।२।२ | सौर्य सडक बत्ती जडान उ.स. मिर्चैया | सौर्य बत्ति जडान | ७३७३८२०.०० | ४२५५०००.०० |

| | | |
|---|---|---|
| ६५. | **हेभी मेशीनबाट कार्य गराएको :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९६ (९) मा उपभोक्ता समिति वा लामग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीब्यूटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न सकिने छैन भन्ने व्यवस्था गरेको छ । तर कार्यालय सँग सम्झौता गरी वाटो निर्माण र मर्मत गर्ने उपभोक्ता समितिहरुले विभिन्न निर्माण व्यवसायहरु सँग एक्साभेटर, लोडर, जे.सी.वी., बकेट भाडामा लिई निर्माण/मर्मत गरेको छ । कतिपय उपभोक्ता समितिले कार्यालयबाट सम्झौता बमोजिम प्राप्त गर्ने अनुदान रकम भन्दा बढी रकमको भाडाको विल पेश गरेका छन् । भाडामा डोजर लोडर दिने आपूर्तकले विजक जारी गर्दा असूल गरेको मु.अ.कर सम्बन्धीत आन्तरिक राजस्व कार्यलयमा दाखिला गरेको समेत देखिएन । नमूना छनोटको आधारमा लेखापरीक्षण गर्दा देखिएका केही योजनामा एक्साभेटर, डोजर तथा जे.सी.वी.प्रयोग गरी उपभोक्ता समितिले भुक्तानी लिएको छ । यस्ता कार्यन्मा नियन्त्रण हुनु पर्दछ । | |

| गो.भौ.नं. र मिति | योजना/उपभोक्ताको नाम | स्काभेटर,जेसीवी भाडामा दिने आपुर्तक | भाडा अवधी घण्टा | कार्यालयको अनुदान | भाडा बापत भुक्तानी रकम |
|---|---|---|---|---|---|
| २३/१०/७ | सडक निमाृण तथा कल्भर्ड नि.स.स. ४ | कर्जन्ना निर्माण सेवा प्रा.ली | २४० | १०००००० | ५९६६४० |
| १५०/३/२९ | वताहा नदी तटवन्द र सडक निर्माण १२ | ओम कमलामाई निर्माण सेवा | ४० | १३५००० | १३५६०० |
| १५१/३/२९ | नयां कृषि सडक नि.उ.स.१२ | जय सोन्ना माई कन्स्ट्रक्सन प्रा ली | १५५ | ५००००० | ४३७८७५ |
| १७६/३/२९ | नयां कृषि सडक नि.उ.स.१ | जानकी निर्माण सेवा | १०० | ६००००० | ५०८५०० |
| १९६/३/२९ | सडक फराकिलो तथा नाला नि.उ.स. २ | शंकर कन्स्ट्रक्सन | ४७५ | ९२५००० | ११८८००० |
| २०८/३/३१ | नयां सडक नि.उ.स.१२ | वन्नी माई कन्स्ट्रक्सन | १८० | ३५०००० | ३५९९९९ |
| २१०/३/३१ | कृषि सडक पाईप खरिद नि.उ.स.२ | शंकर कन्स्ट्रक्सन | १५६ | ९००००० | ३९०००० |
| **जम्मा** | | | | ४४१००००० | |

| | | |
|---|---|---|
| ६६. | **घटी कार्य** ६९।२०७६।२।२ गत वर्ष जेष्ठ ७ गते सम्झौता गरी ५९ थान सडक सौर्य बत्ति जडानको लागि सोर्य सडक बत्ति जडान उ.स. लाई रु ७३७३८२०।०० को लागतमा कार्यादेश दिएकोमा सो वर्ष आम्सीक कार्य गरी यस वर्ष ल.ल्या. योजनामा समेत समावेश नगरी दिपलाईट इनर्जी प्रा.ली. सामाखुसीको विजक नं. १४७८ मिति २०७५।९।२८ को विलवाट ३५ थान पोल समेत ८ आईटम सामान खरिद गरेको रु ४३४४८३०।०० को विजक सम्लग्न गरी रु ४२५५०००।०० भुक्तानी गरेको छ । गत वर्ष ५९ थानको लागि वजेट विनियोजन गरेको अवस्थामा यस वर्ष वजेट तथा कार्यक्रम स्विकृत नगरी ३५ थान सौर्यबत्ति जडान गरेको सम्पन्न प्रतिवेदन अनुसार रकम भुक्तानी भएको छ । बजेट तथा कार्यक्रम स्विकृत नगरी भुक्तानी गरेको कार्यलाई नियमित मान्न नसकिएको रु | ४२५५०००।०० |

६७. **वढी भुक्तानी** १९०।३।२९ अधुरो सामुदायिक भवन निर्माण उ.स. १२ को लागी रु ७ लाख वजेट विनियोजन भएकोमा उ.स. अध्यक्ष संग चैत्र २२ मा सम्झौता गरी जेष्ठ मसान्तमा सक्ने गरी कार्यादेस दिएको छ । काम गर्दै जादा रु ९१६३२४।०० को कार्य भएको भनी पुरानो सम्झौतामा अंक सच्याई रु ८ लाख ५० हजार भुक्तानी गरेको छ । सभा तथा कार्यपालिकावाट योजना संशोधन नगरी सम्झौतालाई केरमेट गरी वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु — १५००००

६८. **कर दाखिला** निम्न भौचरवाट कर दाखिला गरेको भनी रु ७१०६५१०.००खर्च लेखेकोमा कर दाखिलाको बैक भौचर पेश नभएको रु — ७१०६५१०

| भौचर नं र मिति | विषय | रकम |
|---|---|---|
| ७६/२/१७ | सामाजिक सुरक्षा | ५५५६७.०० |
| | अग्रिम कर | ४४२८९८.०० |
| | वहाल कर | १४२५४३.०० |
| | पारिश्रमिक कर | ११५३०.०० |
| २१८/३/३१ | सामाजिक सुरक्षा | २१७८०८.०० |
| | अग्रिम कर | ११६९९५९.०० |
| | वहाल कर | २४२०८०२.०० |
| | पारिश्रमिक कर | २६१२१०.०० |
| | धरौटी | ४००३५६.०० |
| | ५० प्रतिशत मु.अ.कर | १९८३८३७.०० |
| | **जम्मा** | **७१०६५१०.००** |

६९. **कन्टिजेन्सी खर्च :** आयोजना संचालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकम मध्ये ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी भूक्तानी गरेको अवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा १३२ वटा योजना बाट संकलन भएको रु. ३६०३३०७।९७ मध्ये विभिन्न मितिको १२ वटा गोश्वारा भौचरबाट रु २८४५३०१।९८ खर्च गरेको छ । योजना अनुगमन, कार्यालयको काम, योजना सर्भेक्षण, मर्मत, इन्धन, खाजाखर्च लगायतका कार्यमा उक्त रकम खर्च गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम कन्टिन्जेन्सीको रकम खर्च गर्दा ५० प्रतिशत पूँजीगत र ५० प्रतिशत चालु प्रकृतिको खर्च लेख्नुपर्नेमा सो प्रक्रिया अवलम्वन गरेको देखिएन । यसरी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गरिनुपर्दछ । खर्च मध्ये भौ नं. ४२ वाट माघ र फागुन २ महिनाको डिजल ३८१५ लिटर र पेट्रोल ८३६ लिटरको रु ४६२०१५।०० प्रयोगको लगवुक राखेको छैन र सोही अवधिमा नियमित वजेटवाट समेत खर्च लेखेको छ । शिला ट्रेडर्सले १६४ वटा चिट वाट प्रयोग भएको इन्धनको विजक नं ५२४ बाट माग गरेको आधारमा मात्र भुक्तानी गरेको छ । त्यस्तै भौ नं ४३ वाट उमेश होटल सिरहाको निवेदनको आधारमा विना विल भरपाई रु २९०१४०।०० खाजा खर्च भनी भुक्तानी गरेको छ । सो खाजा कहिले कसले के कार्यक्रममा प्रयोग भएको हो विवरण तथा विल विजक समेत पेश नभएकोले सो रकम वास्तविक खर्च भएको हो भन्न सकिएन ।

७०. **ब.उ.शि.नं. ३६५१६०३ स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम चालु**

**सडक मर्मत** १।२०७५।३।१९ कालोपत्रे .बाटो मर्मत गर्न वडा नं १० को लोकमार्ग घुर्मि खोला देखि पिपरा ०+५५१ मिथिलेश्वर १+२३७ सडक खण्ड कार्य गर्न रु ५३९१०८६।३९ को लागत अनुमान स्वीकृत भई उपभोक्ता समिति लाई कन्टेन्जेन्सि रु १५००००।०० कटाई रु ४८,५०,०००।०० दिने तथा २०७६.३.१५ भित्र कार्य सम्पन्न गर्ने गरी २०७६।१।२० मा संझौता भएको थियो । नापजांच मूल्याङ्कन पश्चात गो.भौ.नं बाट प्रथम रनिङ विल वापत रु २१९००००।०० दिएको थियो । सम्झौताको अवधि सकिएता पनि तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न हुन नसकेको तथा आ.व. २०७६।०७७ मा बजेट व्यवस्था नभएको कार्यालयबाट जानाकारी प्राप्त भयो । तोकिएको समयमा कार्य सम्पन्न गर्न नसक्दा बजेट फिज हुनगई चालु आ.व.मा बजेट व्यवस्था नहुदा कार्य सम्पन्न हुन नसकेको तथा योजना अधुरो रहन गएको छ । बजेट व्यवस्था तथा म्याद थप गरि यथाशिघ्र निर्माण कार्य सम्पन्न गरी योजना फरफराक गरिनुपर्दछ ।

७१. **ब.उ.सि.नं. ३६५०१५३ जेष्ठ नागरिक दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा**

यस पालिकाले पहिलो तथा दोस्रो र तेस्रो चौमासिकको एकमुष्ट रुपमा बालपोषण भत्ता तथा तेस्रो चौमासिकको गैर दलित बालपोषण भत्ता वडा सचिवहरु मार्फत पेश्की दिई वितरण गरेकोमा सो पेश्की फर्छौटको लेखापरीक्षण गर्दा निम्मबमोजिमको तथ्य प्राप्त भयो ।

| गो.भौ.नं. | फर्छ्यौट रकम | फिर्ता रकम | फिर्ता मिति |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ७९/२०७६/३/३१ | ३,२२,४००। | ७६,४०० | २०७६/४/१६ |
| ७७/२०७६/३/३१ | २,६०,४०० | २४,००० | २०७६/४/२६ |
| ७१/२०७६/३/३१ | ३,०६,००० | ३३,६०० | २०७६/४/१२ |
| ७२/२०७६/३/३१ | २,२८,४०० | २६,४०० | २०७६/४/२८ |
| ७०/२०७६/३/३१ | १,७४,४०० | ३५,६०० | २०७६/४/९ |
| ७३/२०७६/३/३१ | २,७४,००० | ३२,००० | २०७६/४/२८ |
| ६९/२०७६/३/३१ | २,७५,६०० | ५३,६०० | २०७६/४/९ |
| ७५/२०७६/३/३१ | २,३०,००० | १६,००० | २०७६/४/२४ |
| ६७/२०७६/३/३१ | ४,००,००० | ६१,६०० | २०७६/४/९ |
| ६८/२०७६/३/३१ | १,१९,२०० | ६,८०० | २०७६/४/९ |
| ८३/२०७६/३/३१ | ४,३४,८०० | ११,२०० | २०७६/४/२६ |
| ८४/२०७६/३/३१ | १,५३,२०० | ७,२०० | २०७६/४/२० |
| ७४/२०७६/३/३१ | २,३२,००० | ४,८०० | २०७६/४/२४ |
| ७६/२०७६/३/३१ | २,०६,८०० | १,६०० | २०७६/४/२६ |
| | **जम्मा** | **३,९०,८००** | |

यसरी आ.व. २०७५/७६ को पेश्की फर्छ्यौट गर्दा आ.व. २०७६/७७ मा बैङ्क दाखिला भएको भौचर पेश भएकोहुँदा पालिकाको आय व्ययको हिसाब चुस्त दुरुस्त छ भनि विश्वस्त हुने आधार देखिएन । एक आर्थिक वर्षको पेश्की सोही वर्ष फर्छ्यौट गरी सम्बन्धित कोषमा रकम फिर्ता गर्नेतर्फ पालिकाको ध्यान जानु आवश्यक छ ।

७२. **अभिलेख एकिन:** सामाजिक सुरक्षा सञ्चालन कार्यविधी, २०७५ को दफा १० मा स्थानिय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको अनुसुची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने तथा लाभग्राहीको विवरण MISमा प्रविष्टी गर्नुपर्नेछ भन्ने व्यवस्था छ । यस पालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको अनुसुची ५ बमोजिमको अद्यावधिक अभिलेख वडागत रुपमा राखेको तथा लाभग्राहीको विवरण MIS मा प्रविष्टी गरेको पाइएन ।लेखापरीक्षणको क्रममा प्राप्त म्यानुयली बनाईएको लाभग्राहीको विवरण अनुसार पहिलो चौमासिकमा सामाजिक सुरक्षातर्फ ४१८४ जना तथा दलित वालपोषणतर्फ १०५१ जना लाभग्राही र दोस्रो र तेस्रो चौमासिकको एकैपटक सामाजिक सुरक्षातर्फ ४१८२ तथा दलित बालपोषणतर्फ १५७१ तथा तेस्रो चौमासिकमा मात्र गैर दलित बालपोषण कार्यक्रमतर्फ १४७४ जना लाभग्राहीहरुलाई भत्ता वितरण गरेको देखियो। यस सम्बन्धमा पालिकाका कार्यालयले वास्तविक लाभग्राहीहरुको बिवरण एकिन गरी एम.आइ.एस. मा प्रविष्टि गरी मात्र भत्ता बितरण गर्नु पर्दछ ।

७३. **अनुगमन नभएको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि २०७५ को दफा २८ मा उप प्रमुख तथा उपाध्यक्षको संयोजकमा ७ सदस्य रहेको एक अनुगमन तथा मुल्याङ्कन र प्रतिबेदन समिति रहने र उक्त समितिले समाजिक सुरक्षा भत्ता बितरणको नाम दर्ता, नबिकरण, भत्ता बितरण, लाभग्राहीसंग भेटघाट तथा सुझाव संकलन र सार्वजनिक सुनाइको प्रतिबेदन अध्ययन गर्ने, सुझाव कार्यान्यन तथा गुनासो सम्बोधन भए नभएको समिक्षा गर्न, कार्यक्रम सम्बन्धमा अनियमिता भएको पाइएमा दोषी पहिचान गरी कारवाहीका लागी सफारिस गर्न र सही ब्यक्तिलाइ सही समयमा सही रकम प्रदान भए नभएको अध्ययन गरी गर्नु पर्ने बिषयमा सुझाब दिने र चौमासिक रुपमा बैठक बसी समितिले चौमासिब प्रतिबेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले सो ब्यवस्थाको अनुशरण गरेको देखिएन । अत कार्यालयले बितरण गरेको रकम सही रुपमा बितरण गरेको छ भन्ने बिश्वस्त हुन सक्ने अनुगमन प्रतिबेदन पेश गरेको देखिएन । कार्यालयले यस तर्फ ध्यानदिनु पर्ने देखिन्छ ।

७४. **बैक मार्फत भत्ता बितरण नगरेको :**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७५ को दफा २२ मा मन्त्रालयको स्वीकृती बिना हातहातै नगद भत्ता बितरण गर्न पाइने छैन भन्ने ब्यवस्था छ । यस पालिकाले बालपोषण कार्यक्रम अन्तर्गत १२ वटै वडाका बालबालिकाहरु तथा वडा नं. १२ को सामाजिक सुरक्षाको निम्मबमोजिमको रकम वडा सचिवहरुले नगद पेश्की लिई वितरण गरेको देखियो ।

| वडा नं. | रकम | प्रकार |
|---|---|---|

| | | |
|---|---|---|
| १ | ९१३६०० | बालपोषण कार्यक्रम |
| २ | ६१७६०० | बालपोषण कार्यक्रम |
| ३ | ९४२८०० | बालपोषण कार्यक्रम |
| ४ | ८०२८०० | बालपोषण कार्यक्रम |
| ५ | ६६८८०० | बालपोषण कार्यक्रम |
| ६ | ७८२४०० | बालपोषण कार्यक्रम |
| ७ | ६८८४०० | बालपोषण कार्यक्रम |
| ८ | ६६३२०० | बालपोषण कार्यक्रम |
| ९ | ५९६४०० | बालपोषण कार्यक्रम |
| १० | ७२६००० | बालपोषण कार्यक्रम |
| ११ | ८९०४०० | बालपोषण कार्यक्रम |
| १२ | ४७८००० | बालपोषण कार्यक्रम |
| | ४९४९६०० | सामाजिक सुरक्षा कार्यक्रम |
| **जम्मा** | **१३७१९८००** | |

यसरी बितरण गरेको रकमको सार्वजनिक समिक्षा गरेको तथा कार्यबिधिले तोकेको प्रक्रिया पुरा गरेको देखिएन । अत: यस पालिकाले कार्यबिधिमा उल्लेख भएको ब्यवस्था अनुसार बैक मार्फत सामाजिक सुरक्षा रकम बितरण गर्नु पर्दछ ।

७५. **बिवरण उल्लेख नभएको:** सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १३ मा लाभग्राहीहरुको फोटो सहितको अनुसुची ५ बमोजिमको मुल अभिलेख खडा गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले आर्थिक बष २०७५।७६ मा बितरण गरेको सामाजिक सुरक्षा भता बितरण भरपाईमा लाभग्रहिहरुको जन्म मिति, नागरिकता नम्बर, र परिचय पत्र समेत उल्लिखित गरेको देखिएन । यसरी भत्ता बितरण गर्दा वास्तबिक लाभग्राही हरुले पाएको हो होइन भन्ने प्रष्ट आधार देखिएन । अत पालिका कार्यालयलबाट बितरण गरिने सामाजिक सुरक्षा भत्ता बितरण भरपाइमा अनुसुची ५ मा उल्लेख भए बमोजिमको जन्म मिति, नागरिकता नम्बर र परिचय पत्र प्रविष्ट गरी बितरण गर्नुपर्दछ ।

७६. **बढी पेश्की फर्छ्यौट:** गो.भौ.नं. ७६/२०७६/३/३१ वडा नं. १२ को बालपोषण भत्ता वितरण गर्दा लाभग्राहीहरुको जम्मा रु. २०३६००। को भर्पाई तथा रु. १६००। को बैङ्क दाखिला भौचर संलग्न राखी रु. २०६८००। फर्छ्यौट गरेको हुँदा फाटवारी भन्दा वढी फर्छ्यौट गरीएको रकम रु १६००।०० असुल गर्नुपर्ने रु — १६००।

७७. **मर्मत सम्भार कोष**

**सम्झौताभन्दा बढी भुक्तानी** ओम विल्डर्स एण्ड कन्सल्टेन्ट प्रा.ली.लाई आर्युवेद कार्यालयको कम्पाउण्ड वाल निर्माण तथा मर्मत कार्यको लागि भ्याट सहित रु. ४,८४,०७२। भुक्तानी गरीएकोमा निम्न आईटमहरुमा सम्झौता दरभन्दा बढी दरमा भुक्तानी भएकोले वढी भुक्तानी रु ११८८९।५३ को मु अ कर समेत असुल हुनुपर्ने रु — १३४३५.१७

| सि.नं. | परीमाण | सम्झौता दर | भुक्तानी दर | फरक | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| $a_1$ | १ | १००० | २५०० | १५०० | १५०० |
| $a_2$ | ८.७१ | ६०० | ७१०.७० | ११०.७० | ९६४.२० |
| $b_1$ | ३४.९७ | ५०० | ५६५ | ६५ | २२७३.०५ |
| $b_2$ | ८.०४ | १४५०० | १४७३६.१० | २३६.१० | १८९८.२४ |
| $c_1$ | २.६० | १०००० | १०६६२.८० | ६६२.८० | १७२३.२८ |
| $c_2$ | १.५६ | १४५०० | १४५२३.९३ | २३.९३ | ३७.३३ |
| $c_3$ | १३६.१५ | १२० | १२१.२८ | १.२८ | १७४.२७ |
| $e_1$ | ७.९४ | १००० | १४१८.०३ | ४१८.०३ | ३३१९.१६ |
| | जम्मा | | | | ११८८९.५३ |

| | |
|---|---|
| $a_1$ | Site clearance after and before and before: including cleaning and disposal of debries, uprooting roots, solid wastes etc. all complete as pre instruction (Job) |
| $a_2$ | Earthwork in excavation in ordinary soils in foundation including 10m hauling and 1.5 m. lift all complete. (Cum) |
| $b_1$ | Flat dry brick soling on flat in foundation and floor leveling, ramming etc. all complete. (Sqm) |
| $b_2$ | Good quality local chimney made Brickwork in 1:4 C/S mortar up to ground floor in perfect line level finish including wetting the bricks, racking the joints and curing the work for at least 7 days all complete. (Cum) |
| $c_1$ | Plain Cement Concrete (PPC) in 1:3:6 ration for foundatios, flooring and walls with approved quality of cement and sand and crushed stone aggregate including mixing, laying , curing for at least 7 days all complete. (Cum) |
| $c_2$ | Plain Cement Concrete (PPC) in 1:2:4 ration for foundatios, flooring and walls with approved quality of cement and sand and crushed stone aggregate including mixing, laying , curing etc. all complete in approval of site engineer. (Cum) |
| $c_3$ | Tor steel or TMT reinforcement bar of fe 415/500 grade including straightening, cleaning, cutting, binding & fixing in position with annealed tying binding wire as per drawing, design & instruction all complete. (Kg) |
| $e_1$ | Formwork, shuttering, centering with approved materials for column and beam necessary propping, scaffolding, staging, supporting inclusive of wedging and cutting holes for utilization till the support if fully unyielding net. (Sqm) |

७८. **ब.उ.शि.नं. ८०१७६९३ अन्तर सरकारी वित्तीय हस्तान्तरण शसर्त**

**तलबी प्रतिवेदन** :- शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार स्थानीय तहले सम्बन्धित स्थानीय तह अर्न्तगतका विद्यालयहरुमा तत्काल रहेको शिक्षकहरुको दरबन्दी सम्बन्धी विवरण सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट यकिन गर्नुपर्ने उल्लेख छ । साथै सोको आधारमा विवरणमा उल्लेखित शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षक किताबखानाबाट पारित गराएर मात्रै सोको आधारमा विद्यालयको तलबी माग फारम समेत रुजु गरी शिक्षक तलब सम्बन्धित विद्यालयको खातामा निकासा दिनुपर्ने व्यवस्था छ । कार्यालयले शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइएकोले शिक्षकहरुको तलब, ग्रेड रकम एवं भत्ता खर्च यकिन गर्न सकिएन । अत: तलबी प्रतिवेदन पारित गरेर मात्रै खर्च गर्नुपर्ने देखिन्छ ।

७९. **कार्यक्रमगत खर्च खाता** आर्थिक कार्यविधि नियमावली को नियम ३५ (२) (क) मा कुनै पनि रकम को खर्च गर्दा रकम स्वीकृत बजेट भित्र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने खर्च गर्न सकिने उल्लेख छ । त्यस्तै दफा ४५ (क) मा स्वीकृत रकम सम्बन्धित सेवा तथा कार्यक्रम को निमित्त स्वीकृत सिमा भित्र रही सोही प्रयोजनमा खर्च गनुपर्ने उल्लेख भएको कार्यालयले सशर्त अनुदानको विषयगत खर्च को छुट्टाछुट्टै स्रेस्ता खडा गरी वैक नगदी कितावमा प्रविष्ट गरी निकासा खर्च र बाँकी देखिने गरी कार्यक्रमगत खर्च खाता तयार गरी कृयाकलाप अनुसार कृयाकलापको सिमाभित्र रहेर खर्च गनुपर्नेमा सो गरेको छैन । सशर्त तर्फको सम्पूर्ण स्रेस्ता एउटै वैक नगदी कितावमा प्रविष्टी गरेको कार्यक्रमगत खर्च खाता नराखेको पाइयो जसले गर्दा विषयगत कार्यक्रम सिमाको परिपालना भएको पाईएन । यसले गर्दा कुन-कुन विषयगत क्षेत्रमा के कति खर्च भएको कुन-कुन कृयाकलापमा कति खर्च भयो एकिन गर्न सकिएन ।

८०. **लक्ष्य प्रगती विवरण:** बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले आर्थिक विधि नियमावलि २०६४ को नियम २५ तथा अनुसुचि २ बमोजिमको ढाचामा चौमासिक प्रगती विवरण तयार गर्नु पर्नेमा चौमासिक लक्ष्य प्रगती विवरण तयार गरेको पाइएन । त्यसबाट स्विकृत कार्यक्रम अनुसार कुनकुन कार्यक्रम सन्चालन भए, कुन कार्यक्रम सन्चालन भएनन्, कुन कुनमा तोकिएको लक्ष्य भन्दा न्यून प्रगती भयो यकिन गर्न सकिएन ।

८१. **विद्यालयगत निकासा खाता** कार्यालयले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरवन्दि र राहत कोटामा कार्यरत शिक्षकको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सवै रहमहरु देखिने गरी विद्यालयगत निकासा खाता अध्यावधिक गरेको देखिएन । यसरी निकासाको रुपमा जाने तलव भक्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुन सकेन । अत यसरी निकासाको रुपमा जाने सवै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्ट गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ ।

८२. **शिक्षक अभिलेख** :- शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार शिक्षा विभाग समावेशी शिक्षा शाखाबाट प्रमाणित गरी पठाएको दरबन्दी विवरणका आधारमा शिक्षकहरुको अभिलेख अद्यावधिक गरी शिक्षक एवं कर्मचारीहरुको तलब भत्ता लगायतका रकम विद्यालयगत रुपमा यकिन गरी खर्च लेख्नुपर्ने उल्लेख छ । तर नगरपालिकाले विद्यालयगत रुपमा शिक्षकहरुको स्थायी, अस्थायी एवं राहत दरबन्दी विवरण अद्यावधिक गरको पाइएन । साथै नगरपालिकाले यसवर्ष कुन कुन विद्यालयमा के कति शिक्षकहरुको

| | | |
|---|---|---|
| | नयाँ नियुक्ति, सरुवा, बढुवा, अवकास एवं बेतलबी बिदामा छन् सोको अद्यावधिक विवरण लेखापरीक्षणमा पेश नगरेकोले विद्यालयको तलबी माग फारामलाई नै आधार मानी तलब निकासा भिडान गरिएको छ । जसले गर्दा तलब निकासा रकम यथार्थपरक एवं दुरुस्त छ भनी आश्वस्त हुन सकिएन । | |
| ८३. | **पाठ्यपुस्तक अनुदान -** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ त्यस्तैकार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५ अनुसार स्थानीय तहले वि.नि.एवं स्रोत व्यक्तिले यकिन गरेको विद्यालयका कक्षागत विद्यार्थीहरुको विवरणको आधारमा दोस्रो चौमासिकमा पहिलो किस्ता स्वरुप ७५ प्रतिशत पाठ्यपुस्तक रकम निकासा विद्यालयलाई दिने व्यवस्था छ । त्यस्तै नयाँ शैक्षिक सत्र प्रारम्भ भएपश्चात विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरिद बिल एवं नामनामेसी सहितको वितरण भरपाई सहित नपुग रकम विद्यालयले माग गरे पश्चात २५ प्रतिशत रकम विद्यालयलाई उपलव्ध गराउने उल्लेख छ । नगरपालिकाले यस वर्ष पालिका अन्तर्गतका ५९ विद्यालयहरुलाई पाठ्यपुस्तक बापतको निकासा रकम देहाय भौचरबाट विद्यालय खातामा निकासा दिएकोमा विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरिद बिल एवं नामनामेसी सहितको वितरण भरपाई तथा सोको अनुगमन प्रतिबेदन पेश नभएको रु. | १९३०६४९ |

| गोश्वरा भौचर नंबर | बिबरण | रकम |
|---|---|---|
| २८।२०७६।१।२२ | २६बिद्यालयलाइ पाठयपुस्तक | १९३०६४९.०० |

| | | |
|---|---|---|
| ८४. | **कट्टी रकमः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । विद्यालयहरुले चौमासिक निकासा माग फाराम पेश गर्दा अघिल्लो चौमासिकको तलव भत्ता वित्तरण गर्दा कट्टी भएको सा.सु. कर, पा..कर, ना.ल.कोष., क.सं कोष कट्टी तथा सापटि कट्टी को सक्कल प्रमाण पेश गनुपर्नेमा सो गरेको छैन । यसबाट सम्बन्धित शिक्षकको नाममा सम्बन्धित निकायमा रकम जम्मा भएको छ भन्ने विश्वस्त हुने आधार भएन । | |
| ८५. | **संचालन अनुदान-** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले देहायबमोजिम सामुदायिक सिकाई केन्द्र संचालन र ल्याब व्यबस्थापन वापत बिद्यालयलाइ अनुदान दिएकोमा उक्त अनुदान रकमको बिल भरपाई पेश नभएवाट अनुदान वापतको रकम तोकिएको कार्यमा खर्च भएको बिल भरपाई पेश हुनु पर्ने रु. | २२६३००० |

| गोश्वरा भौचर नंबर | बिबरण | रकम |
|---|---|---|
| ६१।२०७६।३।३१ | बा.जू.मा.बि फुलबारीया शिक्षण सिकाइ | ४०००००.०० |
| ६१।२०७६।३।३१ | शारदा मा.बि. रामपुर बिर्ता शिक्षण सिकाइ | ४०००००.०० |
| ६१।२०७६।३।३१ | आ.बि. मल्हनियाखोटी मिचैया शिक्षण सिकाइ | २९८०००.०० |
| ६१।२०७६।३।३१ | मोहन मा.बि मिचैया ल्याव व्यावस्थान | ९०००००.०० |
| २७।२०७६।१।२२ | २५ बिद्यालयलाइ सामाजिक परिक्षण | २६५०००,०० |
| | **जम्मा** | **२२६३०००** |

| | | |
|---|---|---|
| ८६. | **छात्रवृत्ति अनुदान -** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ त्यस्तै शिक्षा मन्त्रालयद्वारा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार आवासिय छात्रबृत्ति, दलित छात्र छात्रा र विद्यालयमा अध्ययनरत छात्रा छात्रवृत्ति लगायतका छात्रवृत्ति रकम विद्यालयगत विद्यार्थी लगतको आधारमा स्थानीय तहले विद्यालयहरुको खातामा निकासा दिने र विद्यालयहरुले नाम नामेसी अनुसार भरपाई बनाई वितरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष छात्रवृत्ति वितरणको लागि विद्यालयहरुलाई देहाय बमोजिम निकासा दिएकोमा विद्यालयले उक्त रकम सम्बन्धित विद्यार्थीहरुलाई वितरण गरे वा नगरेको सम्बन्धमा कार्यालयले भरपाई कागजात एवं अनुगमन गरी प्रतिवेदन गरेको नपाइएकोले वितरण गरेको प्रमाण पेश हुनु पर्ने रु. | १८७३९०० |

| गोश्वरा भौचर नंबर | बिबरण | रकम |
|---|---|---|
| २२।२०७६।१।२२ | २६ बिद्यालयलाइ छात्रा,द.छात्रा, छात्र छात्रा छात्रबृत्ति | ७८४४००.०० |
| २३।२०७६।१।२२ | २६ बिद्यालयलाइ दलित छात्रबृत्ति | १०८९५००.०० |
| | जम्मा | १८७३९०० |

| | | |
|---|---|---|
| ८७. | **बढी निकासाः** बालबिकास इ.सि.डी को रकम देहाय बिद्यालयलाइ बढि निकासा दिएकोले असुल गर्नुपर्ने रु | ७२५०० |

| गोश्वरा भौचर नंबर | बिबरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ६३।२०७६।३।३१ | देउराली आधारभुत बिद्यालय घुर्मि | ८५००.०० |
| ६३।२०७६।३।३१ | आधारभुत बिद्यालय राधिपुर | २९५००.०० |
| ६३।२०७६।३।३१ | आधारभुत बिद्यालय मटिअर्वा | २२०००.०० |
| ६३।२०७६।३।३१ | मो. मा.बि. मिर्चैया | १२५००.०० |
| | जम्मा | ७२५०० |

८८. **अनुगमन भत्ता-** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ ले स्थानीय तहको बिषयगत कार्यालयका कार्यक्रम,तालिम योजनाहरु अनुगमन गरे बापत पाउने पारिश्रमिक सम्बन्धी स्पष्ट व्यवस्था गरेको छैन । तर विभिन्न मितिमा बिषयगत कार्यालयका कार्यक्रम,तालिम योजनाहरु अनुगमन गरेको भनी पदाधिकारी एवं कर्मचारीहरुको नाममा देहाय बमोजिमअनुगमन भत्ता भुक्तानी गरेको छ । यसरी कानुनमा अनुगमन भत्ता सम्बन्धी स्पष्ट व्यवस्था नभएको अवस्थामा समेत अनुगमन भत्ता खर्च लेख्ने आधार नदेखिएको रु. ५५९५६०

| ब.उ.शि.नं | गो.भौ.नं /मिति | बिबरण | अनुगमन भत्ता रकम |
|---|---|---|---|
| नगरपालिका पुजिगत स्वास्थ्य | २२।२०७५।१२।१८ | २जना पदाधिकारी ४जना कर्मचारी स्वास्थ्य संस्था अनुगमन | ६२५६०.०० |
| नगरपालिका पुजिगत स्वास्थ्य | ३७।२०७६।३।२९ | प्राथमिक स्वस्थ्य चौकी अनुगमन २जना पदाधिकारी ५जना कर्मचारी | ४५४७५.०० |
| शर्शत स्वास्थ्य चालु | ६६।२०७६।३।२६ | स्वस्थ्य स्ययंसेबिका दोश्रोचरण कार्यक्रमअनुगमन ७ जना कर्मचारी | ३५७००.०० |
| शर्शत स्वास्थ्य चालु | ६७।२०७६।३।२९ | गाउघर किलिनिक सञ्चालन अनुगमन ७ जना कर्मचारी | २९५८०.०० |
| शर्शत स्वास्थ्य चालु | ७३।२०७६।३।३१ | कालाज्वर विष छर्कने अनुगमन २जना पदाधिकारी ५जना कर्मचारी | ४९०४५.०० |
| शर्शत स्वास्थ्य चालु | ५७।२०७६।३।२५ | ड्प आउट बच्चा खोजि २जना पदाधिकारी ६जना कर्मचारी | ४२५००.०० |
| नगरपालिका पुजिगत शिक्षा | ४।२०७५।१०।२८ | बिद्यार्थी भर्ना अनुगमन १ जना पदाधिकारी १३ जना कर्मचारी | १९९९००.०० |
| नगरपालिका पुजिगत शिक्षा | ९।२०७६।३।२९ | शैक्षिक अनुगमन १जना पदाधिकारी ५जना कर्मचारी | ३६०००.०० |
| नगरपालिका पुजिगत शिक्षा | १०।२०७६।३।२९ | शिक्षा अभिमुखिकरण गोष्ठी अनुगमन २जना पदाधिकारी २जना कर्मचारी | १६०००.०० |
| शर्शत कृषि चालु | ४३।२०७६।३।२९ | अनुगमन निरीक्षण २जना पदाधिकारी ४जना कर्मचारी | ४२८००.०० |
| | | जम्मा | ५५९५६० |

८९. **पूँजीगतबाट चालु खर्चः** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । नगरपालीका कार्यालयले यो वर्ष सभाबाट पारित गरि चालु खर्च पुजिगत वजेटमा समावेश गरि वजेट खर्च लेखेको नियम सम्मत देखिएन । चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरि वजेट खर्च लेख्नु पर्दछ ।

| बजेट उपशिर्षक नंवर | गोश्वरा भौचर नंवर | विवरण | खर्च रकम |
|---|---|---|---|
| नगरपालिका पूजिगत शिक्षा | ५।२०७५।१२।११ | बैठक खर्च | ५८९५०।०० |
| नगरपालिका पूजिगत स्वास्थ्य | २,११,१७,२४,२६,२९,३१,३१,३३ | कर्मचारी पारीश्रमिक | १४१०००।०० |
| नगरपालिका पूजिगत पशुसेबा | ६।२०७६।३।२० | इन्धन दै.भ.भ | ८५९५०।०० |
| नगरपालिका पूजिगत पशुसेबा | ७।२०७६।३।२९ | कार्यालय सम्बन्धि | ३३०००।०० |
| नगरपालिका पूजिगत पशुसेबा | ८।२०७६।३।२९ | बैठक सञ्चालन खर्च | १३६००।०० |
| नगरपालिका पूजिगत आयुर्बेद | बिभिन्न | का. स. पारीश्रमिक | २१०९९०।०० |
| नगरपालिका पूजिगत आयुर्बेद | २४।२०७६।३।१७ | इन्धन | २०२०७।०० |
| | | जम्मा | ५६३५९७।०० |

९०. **कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११)मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरीसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको नापजाच गराइ त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट ब्यहोरिने श्रम, नगद वा जिन्सी समेत कुल खर्चको बिबरण सो निकायमा पेश गर्नुपर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको बिबरण र उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरीवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरी अभिलेख गर्नुपर्ने ब्यबस्था छ । नगरपालिकाबाट यस बर्ष उपभोक्ता समितिले गरेका देहाय कार्यको उक्त नियमको ब्यवस्था बमोजिम कामको कार्यसम्पन्न प्रतिवेदन तयार गरी अभिलेख गरेको नदेखिएकोले कार्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु

| बजेट उपशिर्षक | गोश्वरा भौचर | उपभोक्ता समितिको नाम | कार्य | खर्चरकम |
|---|---|---|---|---|
| शशर्त कृषि चालु | २३।२०७६।३।२५ | हनुमान जल उपभोक्ता समिति | बोरिङ गरी बिद्युतिय मोटर जडान | १०००००.०० |
| शशर्त कृषि चालु | २४।२०७६।३।२५ | शिबशक्ति कृषक समुह | बोरिङ गरी बिद्युतिय मोटर जडान | १०००००.०० |
| शशर्त कृषि चालु | २५।२०७६।३।२५ | जल उपभोक्ता समिति मिर्चैया | बोरिङ गरी बिद्युतिय मोटर जडान | १०००००.०० |
| शशर्त कृषि चालु | २६।२०७६।३।२५ | दुर्गा कृषक समुह | बोरिङ गरी बिद्युतिय मोटर जडान | १०००००.०० |
| शशर्त कृषि चालु | २७।२०७६।३।२५ | ओम शान्ति कृषक समुह | बोरिङ गरी बिद्युतिय मोटर जडान | १०००००.०० |
| शशर्त कृषि चालु | २८।२०७६।३।२५ | सृजना कृषक समुह | बोरिङ गरी बिद्युतिय मोटर जडान | १०००००.०० |
| शशर्त कृषि चालु | २९।२०७६।३।२९ | योगेन्द्र मरिक पे.फ. | भकारो सुधार | ५००००.०० |
| | | | जम्मा | ६५०००० |

६५००००।००

९१. **जिन्सी दाखिला -** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम अनुसार कार्यालयमा प्राप्त भएका जुनसुकै सामान को मूल्य समेत खोली कार्यालयको जिन्सीमा दाखिला गरी जिन्सी खाता अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्न भौन र मितिवाट बिभिन्न मालसामान खरदि गरी भुक्तानी गर्दा नियमावलीमा भएको व्यवस्था अनुसार खरीद भएका सामानको खर्च नहुनेमा दाखिला गर्नुपर्नेमा खर्च हुनेमा दाखिला भएको रु.

| बजेट उपशिर्षक | गोश्वरा भौचर | सामान | रकम |
|---|---|---|---|
| शर्शत स्वास्थ्य चालु | ४४।२०७६।३।२५ | प्रिन्टर १,डेल कम्प्यटर १ | १००००० |

१०००००।००

९२. **लाभग्राही छनौट तथा कृषि बीउ परीक्षण :** पालिकाले मापदण्ड कार्यविधि तयार गरी अनुदान पाउने कृषकको छनौट गर्नु पर्दछ । कृषकको व्यवसायिक क्षमता, जनशक्ति, समुदायमा पुऱ्याउन सक्ने योगदान, गत विगतमा पालिका र अन्य निकायहरुबाट कुनै किसिमको वस्तुगत तथा नगद अनुदान प्राप्त गरेको भए सो समेतलाई आधार लिई वस्तुनिष्ट आधार तयार गरी प्रस्तावकहरु मध्येबाट उत्कृष्ट ठानिएको लाभग्राहीलाई छनौट गर्नु पर्ने र उपलब्ध हुने कृषि बिउबिजन तथा पशुहरुको क्वारेन्टाइन परिक्षण गरी कृषकलाइ उपलब्ध गराउनुपर्नेमा लाभग्राही छनौटगर्दा छनौटको आधार खुलाएको र कृषि बिउबिजन तथा पशुहरुको क्वारेन्टाइन परिक्षण नगराएकोले सूचना प्रकाशन गरी वस्तुनिष्ट मापदण्ड तथा कार्यविधिको आधारमा लाभग्राही छनौट गरी कृषि बिउबिजन तथा पशुहरुको क्वारेन्टाइन परिक्षण गरी मात्र कृषकलाइ उपलब्ध गराउनु पर्दछ साथै बितरीत कृषि विउ विजन, विरुवा र पशुपंक्षिको प्रभाबकारी उपयोग गरी प्राप्त उपलब्धि अनुगमन गरी अभिलेख गरेको देखिएन ।

| ब.उ.शि.न. | गो.भौ.नं | आपूतिकर्ता | सामान बिवरण | प्राप्त गर्ने कृषक | खर्च रकम |
|---|---|---|---|---|---|
| पशु पुजिगत | २२।२०७६।३।२९ | पशुपालन उत्पादन केन्द्र | बाखा ५० | सागरनाथ महिला बाखा पालन समुह २४वटा कमलामाई महिला | ५०००००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बाखा पालन समुह २६ वटा | |
| पशु पुजिगत | ११।२०७६।३।२९ | सिमलथली उन्नत बाखा उतपादन केन्द्र | बोयर बोका २ | सागरनाथ महिला बाखा पालन समुह १वटा कमलामाई महिला बाखा पालन समुह १ वटा | ९९७५०.०० |
| पशु पुजिगत | २३।२०७६।३।३१ | रामा पशुपालन केन्द्र | भैसि ५ | | ३७५०००.०० |
| कृषि | १४।२०७५।९।२५ | सलहेश फुलबारी बिउ उत्पादन कृषक समुह | गहुको बिउ ४५१५ के.जि. | कृषकलाइ बितरण | १६७०२५.०० |
| कृषि | १५।२०७५।९।२५ | यादव बिउ भण्डार | गहुको बिउ के.जि. ३००० | कृषकलाइ बितरण | ११४०००.०० |
| कृषि | १६।२०७५।९।२५ | सम्पैत बिउ उत्पादन तथा बिकि केन्द्र | गहुको बिउ के.जि. ३००० | कृषकलाइ बितरण | ११४०००.०० |
| कृषि | २०।२०७५।९।२५ | | हाइब्रिड जातको तरकारी बितरण | ३८जना कृषकलाइ | १०००००.०० |
| कृषि | ३८।२०७६।३।२५ | युगल फलफुल नर्सरी | ३००० बोट आप बिरुवा | १५२ जना कृषक | २७००००.०० |
| कृषि | ३८।२०७६।३।२५ | लोटस सिड कम्पनी | ५२२७ के.जि. धान | २८८ कृषक | २१५०००.०० |
| | | | | जम्मा | १९५४७७५ |

९३. **उपभोक्ताको खरिदः** सार्वनिक खरिद नियमावली २०६४ को नियम १९ (१) तथा उपभोक्तासंग भएको सम्झौतामा बिस हजार भन्दा बढिको मालसामान तथा निर्माण कार्य गराउदा स्थायी लेखा नंवर र मुल्य अभिबृद्धि करमा दर्ता ब्यक्तीसग मात्र खरिद गनुपर्ने ब्यवस्था भएकोमा उपभोक्ताले निर्माण कार्य गराउदा मुअकर बिजक बेगर देहाय खरिद कार्य गरेको देखिएकोले खरिदकार्य नियमित नदेखिएको रु

१३७५८००।००

| ब. उ. शि. नं. | गोश्वरा भौचर नंवर | उपभोक्ता समितिको नाम | उपभोक्ताको आपुर्तिकता | माल | उपभोक्ताको खरिद रकम |
|---|---|---|---|---|---|
| प्रादेशिक सरकारद्धरा हस्तानतरित कार्यक्रम पुजिगत | ३।२०७६।३।३१ | रामपुरविर्ता १ मल्हनिया खोटी २ सडक ग्राभेल उ.स. | सन्तोष कुमार साह | बाटो रोलिङ | ९८०००।०० |
| प्रादेशिक सरकारद्धरा हस्तानतरित कार्यक्रम पुजिगत | ३।२०७६।३।३१ | रामपुरविर्ता १ मल्हनिया खोटी २ सडक ग्राभेल उ.स. | मनोज कुमार साह | बाटो रोलिङ | १७६०००।०० |
| प्रादेशिक सरकारद्धरा हस्तानतरित कार्यक्रम पुजिगत | ३।२०७६।३।३१ | रामपुरविर्ता १ मल्हनिया खोटी २ सडक ग्राभेल उ.स. | बिजय कुमार महतो | मर्मत | १०००००।०० |
| प्रादेशिक सरकारद्धरा हस्तानतरित कार्यक्रम पुजिगत | ३।२०७६।३।३१ | रामपुरविर्ता १ मल्हनिया खोटी २ सडक ग्राभेल उ.स. | भगबान बाबु कापेर | | १०००००।०० |
| प्रादेशिक सरकारद्धरा हस्तानतरित कार्यक्रम पुजिगत | ५।२०७६।३।३१ | फुलबारीया मा.बि.देखी मुलबारी ६घरे | जिबछ साह | ग्राभेल ढुवानी | १८६०००।०० |
| प्रादेशिक सरकारद्धरा हस्तानतरित कार्यक्रम पुजिगत | ५।२०७६।३।३१ | फुलबारीया मा.बि.देखी मुलबारी ६घरे | जिबछ प्रसाद साह | ग्राभेल ढुवानी | १७५०००।०० |
| प्रादेशिक सरकारद्धरा हस्तानतरित कार्यक्रम पुजिगत | ५।२०७६।३।३१ | फुलबारीया मा.बि.देखी मुलबारी ६घरे | बिजय कुमार पंजियार | ग्राभेल ढुवानी | २७६८००।०० |
| प्रादेशिक सरकारद्धरा | ५।२०७६।३।३१ | फुलबारीया | खुस कुमार | ग्राभेल | २६४०००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| हस्तानतरित कार्यक्रम पुजिगत | | मा.बि.देखी मुलबारी ६घरे | यादब | ढुवानी | |
| | | | | जम्मा | १३७५८००।०० |

**९४. दरबन्दी व्यवस्था:** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । पालिकाले बाल विकास समेत ... सामुदायिक शैक्षिक संस्था लाई अनुदान दिएकोमा कुन कुन शैक्षिक संस्था विद्यालयमा कुन कुन तहको के कति दरबन्दी रहनुपर्ने हो सो स्वीकृत गरेको पाईएन । पालिकाले उपलब्ध शिक्षक कर्मचारीहरुलाई आन्तरिक रुपमा आवश्यकता अनुसार खटाएको पाईयो । यस सम्बन्धमा पालिकाको शिक्षा शाखा प्रमुखलाई सोधिएकोमा देशका सम्पूर्ण शिक्षक कर्मचारीहरुको दरबन्दी शिक्षा मन्त्रालयमा पूल दरबन्दीको रुपमा रहेको जानकारीमा आयो । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ ।

**९५. पारिश्रमिक कर:** आयकर ऐन २०५८ को दफा ८७ मा रोजगारदाताले कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा करयोग्य आयमा लाग्ने कर अग्रिम रुपमा कट्टागरी दाखीला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले बिभिन्न विद्यालयका शिक्षकहरुको पारिश्रमिक भुक्तानी गर्दा कर कट्टा एवं दाखिला गरेको देखिएन । पछिल्लो चौमासिक निकासा लैजादा कर दाखिलाको प्रमाण पेश हुनु पर्दछ । सो नभएकोले विद्यालयवाट लिएको अन्य सुविधा समेत गणना गरी कर कट्टीको प्रमाण पेश हुनु पर्दछ । .

**९६. प्रधानमन्त्रि रोजगार कार्यक्रम :**

यस कार्यक्रम अन्तर्गत यस पालिका अन्तर्गतका वडा नं. ५, ६ र ९ बाहेकका अन्य ९ वडामा बाटो मर्मत तथा सरसफाई, कुलो मर्मत, वृक्षारोपण जस्ता कार्यक्रमहरु मिति २०७६।३।१५ देखि २०७६।३।३० सम्म सञ्चालन भएको विवरण प्राप्त भयो । तर के-कति जनसङ्ख्यालाई उक्त कार्यक्रममा संलग्न गराईएको हो एकिकृत तथ्याङ्क प्राप्त हुन सकेन । बाटो मर्मत तथा सरसफाई तथा कुलो मर्मत जस्ता कार्यक्रमले तत्काल रोजगारी सृजना गरेता पनि पालिकाले दिर्घकालिन रोजगारी सृजना गर्ने कार्यक्रम छनौट गर्ने तर्फ ध्यान दिनु आवश्यक छ । वेरोजगारको तथ्याङ्क फारम संकलन गरेको तथ्याङ्क आधार (डाटा वेश) तयार गरि लगत तथा प्रतिवेदन तयार गरेको पाइएन ।

**९७. सामाग्री वितरण**गो.भौ.नं. १९।२०७६।३।२५ आर.पी. सप्लायर्सको विजक नं. ९०।२०७६।३।३ बाट जम्मा भ्याट सहित रु. ४,२१,०३१। को सेफ्टी हेलमेट, वकेट, ठेलागाडा, ग्लब्स, झारु समेतका सामाग्री खरिद गरेकोमा उक्त सामाग्रीहरुको १२ वटा वडाको नाम नखुलेका १२ जना व्यक्तीहरुको सहिछाप गराई वितरण गरेको देखियो । लेखापरीक्षणको क्रममा उक्त सामाग्री वडाध्यक्ष, वडाका सचिव तथा वडा सदस्यहरुलाई वितरण गरेको भन्ने मौखिक जानकारी प्राप्त भयो । लक्षित लाभग्राहीले उल्लेखित सामाग्री पाए नपाएको एकिन गर्न सकिएन । पालिकाले यस्ता सामाग्री वितरण लक्षित समुहलाई नै गरीएको स्पष्ट प्रमाण राख्ने व्यवस्था गर्नु आवश्यक देखियो ।

**९८. दैनिक भ्रमण भत्ता वितरण** गो.भौ.नं. ४१।२०७६।३।२५ रोजगार संयोजक श्री गणेश गुप्तालाई मिति २०७६।१।६ तथा मिति २०७६।२।३० गरी २ दिन मिर्चैया न.पा.को १२ वटै वडाको आयोजना सञ्चालनको सम्भाव्यता अध्ययनको लागि दैनिक भ्रमण भत्ता रु. ५,०००। भुक्तानी दिएको देखियो । कार्यरत न.पा. भित्रै सम्पादित कार्यको लागि भुक्तानी दिईएको खर्चलाई नियमित मान्न नसकिएको रु ५०००

**९९. अनुगमन खर्च भुक्तानी:** गो.भौ.नं. २८।२०७६।३।२५ अनुगमन खर्च बापत १६ जना कर्मचारी तथा पदाधीकारीहरुलाई जम्मा २१६००। भुक्तानी गरीएको छ । के-कुन आयोजनाको अनुगमन गरीएको हो ? अनुगमन प्रतिवेदन समेत पेश नगरी भुक्तानी गरीएको खर्चलाई नियमित मान्न नसकिएको रु २१,६००

**१०० पेश्की वाकी**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की गएको रकम आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई वांकी रहेको देखिएकोले नियमावली अनुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रु २६,०५३,६५५

| सि.नं. | नाम | पेश्की प्रयोजन | बाकी पेश्की |
|---|---|---|---|
| १ | अ.स.ई. श्री रामनाथ यादव | सामाजिक सुरक्षा भता | ८००.०० |
| २ | भिजन सेन्चुरी इन्स्ढिच्यूढ प्रा.लि. मध्यपुर ठिमी | डिजिढल दाढा | ३३९,०००.०० |
| ३ | वडा सचिव विन्देश्वर साह | वडाको सिलाई तालिम (वडा ढ) | १७५,०००.०० |

| | | | |
|---|---|---|---|
| ४ | का.स.फुलभ्का म०डल | विविध खर्च | १०,०००.०० |
| ५ | का.स.फुलभ्का म०डल | सार्वजनिक निर्मा० सेड | १००,०००.०० |
| ६ | मोहन मा.वि.(अशोक कुमार यादव) | शिक्षण सिकाईमा सुचना प्रविधिको प्रयोग | ६५०,०००.०० |
| ७ | मोहन मा.वि.(अशोक कुमार यादव) | मा.वि. वि९ान प्रयोगशालाअनुदान | ६५०,०००.०० |
| ८ | मोहन मा.वि.(अशोक कुमार यादव) | नमुना विद्यायालय संचालन अनुदान | १५,०००,०००.०० |
| ९ | मोहन मा.वि.(अशोक कुमार यादव) | चारकोठे क्रमागत भवन निर्माण अनुदान | १,८००,०००.०० |
| १० | मोहन मा.वि.(अशोक कुमार यादव) | इव्ट को लागि एत्र्रुँअनुदान | १,०८०,०००.०० |
| ११ | ज.मा.वि. सितापुर (विरधिचज यादव) | पुस्तकालय स्थापना तथा व्यवस्थापन | ६५०,०००.०० |
| १२ | ज.मा.वि. सितापुर (विरधिचज यादव) | तोकिएको सुचा८.कका आधारमा कार्या सम्पादन | ५०,०००.०० |
| १३ | बा.जुमा.वि. फुलबरीया (विन्देश्वर महतो) | सुदृढीकर० अनुदान | २००,०००.०० |
| १४ | आ.वि. ९ो९ना (जगरनाथ साह) | तोकिएको सुचा८.कका आधारमा कार्या सम्पादन | ५०,०००.०० |
| १५ | आ.वि. गदहवा (शत्रुधन साह) | तोकिएको सुचा८.कका आधारमा कार्या सम्पादन | ५०,०००.०० |
| १६ | नि.मा.वि. मल्हनीयाखोरी (हिरा राय) | बि६स अनुदान | ५०,०००.०० |
| १७ | नि.मा.वि. मल्हनीयाखोरी (हिरा राय) | द्द कोठे भवन | १,६००,०००.०० |
| १८ | ज.चे.आ.वि.मल्हनीयाखोरी (अनिता म०डल) | तोकिएको सुचा८.कका आधारमा कार्या | ५०,०००.०० |
| १९ | ज.आ.वि. महल्वोना (विन्देश्वर प्र.) | तोकिएको सुचा८.कका आधारमा कार्या | ५०,०००.०० |
| २० | शारदा मा.वि. रामपुरविर्ता (कुशेश्वर यादव) | शैचालय निर्मा० | ३५०,०००.०० |
| २१ | शारदा मा.वि. रामपुरविर्ता (कुशेश्वर यादव) | शैचालय निर्मा० | ३५०,०००.०० |
| २२ | ज.आ.वि.महदेवा | शैचालय निर्मा० | ३५०,०००.०० |
| २३ | ज.आ.वि.महदेवा | शैचालय निर्मा० | ३५०,०००.०० |
| २४ | नि.मा.वि. रा३ेपुर (देवशंकर यादव) | द्द कोठे भवन | १,६००,०००.०० |
| २५ | खरिदार राजगिर यादव/रामकुमार यादव (वडा अध्यक्ष) | वडा कार्यालयको सामान खरिद | ४९८,८५५.०० |
| | | जम्मा | २६,०५३,६५५.०० |

१०१. यस डोर मूकामको मिति ०७६।७।२६ को पत्रबाट माग गरिएको विवरण मध्ये निम्नानुसार विवरण प्राप्त नभएकोले सो वारेमा विश्लेषण गर्न सकिएन ।
फाराम १४ स्रोत उपभोग र उपलब्धीको विवरण
फाराम १८ थप सुविधाको विवरण
फाराम २१ जिल्ला समन्वय समितिको अधुरा योजना स्थानीय तहमा हस्तान्तरणको विवरण
फाराम २२ आन्तरिक आम्दानी तर्फ मू.अ.कर असूली स्थिति
फाराम २४ असूल गर्न बाँकी आय
फाराम २५ पेश्कीको एकिकृत विवरण

१०२. **बेरुजू:** नगरपालिकाको प्रारम्भिक प्रतिबेदन अनुसार यो बर्ष असुल गर्नुपर्ने रु. १३ लाख ७९ हजार, नियमित गर्नुपर्ने रु ७३ लाख १६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ७ करोड २० लाख ८४ हजार र पेश्की रु. २ करोड ६० लाख ५४ हजार समेत रु. १० करोड ६८ लाख ३३ हजार बेरुजू कायम भएकोमा प्रतिकृया प्राप्त नभएकोले सोहि बेरुजू कायम भएको छ ।

१०३. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु पर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

रु.हजारमा

| गत वर्षको वेरुजू रकम (रु) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C=A-B) |
|---|---|---|
| १९३९१७.०० | - | १९३९१७.०० |

१०४ **अद्यावधिक वेरुजू स्थिति :** यसगाँउपालीकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ :

रु.हजारमा

| गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु) | यो वर्षको सं.पं बाट कायम वेरुजू रु | यो वर्षको कायम वेरुजू (रु) | बाँकी वेरुजु (रु) |
|---|---|---|---|
| १९३९१७.०० | - | १०६८३३ | ३००७५० |

अनुसूची - १

## बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

| सि.नं | स्थानीय तहको नाम | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिमेवार नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | मिर्चैया नगरपालिका | सिरहा | ७१ | ३५ | १०६८३३ | ० | ० | ० | ७१ | ३५ | १०६८३३ | १३७९ | ७३१७ | ७२०८४ | ० | ० | ७९४०१ | २८६ | २५७६७ | २६०५३ |

अनुसूची - २

## स्थानीय तह संचित कोष विवरण
## आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

| सि.नं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गतवर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात बाँकी |
| | | | १ | २ | ३ | ४ | ५=(२+३+४) | ६ | ७ | ८ | ९=(६+७+८) | १०=(१+५-९) |
| १ | मिर्चैया नगरपालिका | सिरहा | १३८२१५ | १३८७८० | २४६८१९ | १२४१२२ | ५०९७२१ | २९९५३६ | १५४०४४ | ३४६४ | ४५७०४४ | १९०८९२ |

अनुसूची- ३

## अद्यावधिक बेरुजू स्थिति
## आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

| सि.नं. | स्थानीय तह | जिल्ला | गत वर्षको बाँकी | यो वर्षको फछ्यौंट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बैरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | मिर्चैया नगरपालिका | सिरहा | १९३९१७ | ० | १९३९१७ | ० | १०६८३३ | ३००७५० |